मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक १५७ ● २०८३ साल वैशाख १३ गते आइतबार ● Sunday 26, April 2026 ● सूर्योदय: बिहान ०५:३१ बजे ● सूर्यास्त: साँझ ०६:३५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## भारततर्फ तस्करी गरिएको चिनियाँ सामान बरामद

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सर्लाहीका विभिन्न सीमा नाकाबाट भारततर्फ तस्करी गरी पठाइएको चिनियाँ सामान भारतीय सुरक्षाकर्मीले नियन्त्रणमा लिएका छन्।

सखुअवा र संग्रामपुर नाका प्रयोग गरी भारत पु¥याइएको चिनियाँ लसुन र काँक्रोको बीउ भारतीय सशस्त्र सीमा बल (एसएसबी)को टोलीले बरामद गरेको हो।

शुक्रबार भारतको सीतामढी जिल्लाअन्तर्गत लालबन्दी नाकामा खटिएको एसएसबी टोलीले दुई वटा महिन्द्रा बोलेरो पिकअपबाट ठूलो परिमाणमा सामान बरामद गरेको जनाएको छ। बरामद गरिएको चिनियाँ लसुन ६७ पोका अर्थात् करिब १ हजार २०६ किलोग्राम रहेको छ भने काँक्रोको बीउ ३ हजार ७२४ किलोग्राम फेला परेको छ।

तस्करीमा संलग्न दुई जना व्यक्ति र प्रयोग गरिएको गाडीसमेत नियन्त्रणमा लिई थप कारबाहीका लागि सोनबरसा भन्सार कार्यालय, सीतामढीमा बुझाइएको भारतीय पक्षले जनाएको छ।

सीमावर्ती क्षेत्रमा यति ठूलो परिमाणमा तस्करीको सामान फेला पर्नुले सर्लाही नाका हुँदै हुने अवैध कारोबार अझै सक्रिय रहेको देखिएको छ। लामो समयदेखि सर्लाही जिल्ला तस्करीको मुख्य मार्गका रूपमा चिनिँदै आएको छ।

# जानकी नवमी भव्यतापूर्वक मनाइयो







**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रत्येक वर्ष वैशाख शुक्ल नवमीका दिन मनाइने राष्ट्रिय विभूति सीता उत्पत्ति दिवस एवम् जानकी नवमी पर्व शनिबार श्रद्धा भक्तिपूर्वक मनाइएको छ। त्रेता युगमा मिथिलाका राजा जनकले ठूलो यज्ञ गर्दा विधिपूर्वक खेत जोत्ने क्रममा सीता उत्पत्ति भएको कथा रामायणलगायत वैदिक दर्शनका धर्मग्रन्थ एवम् पुराणमा वर्णन गरिएको छ।

भगवान् विष्णुको छैटौँ अवतारका रूपमा अयोध्याका राजा दशरथका पुत्रका रूपमा श्रीरामको जन्म हुने भएपछि लक्ष्मी सीताका रूपमा उत्पत्ति भएको वर्णन विभिन्न ग्रन्थमा गरिएको धर्मशास्त्रविद्हरूको भनाइ छ।

सीता उत्पत्ति भएको यस दिनलाई सीता जयन्तीका रूपमा देशभरका रामजानकी मन्दिरमा विशेष पूजा आराधना गरी यो पर्व मनाइन्छ।

जगत जननी माता जानकी प्रकट भएको स्मरणमा जनकपुरधाममा भने जानकी नवमी धुमधामका साथ मनाइएको छ। मिथिलाको राजधानी जनकपुरधाममा विशेष रौनक देखिएको थियो।

करिव एक सातादेखि यहाँका मन्दिरहरूमा विभिन्न धार्मिक अनुष्ठान जारी रहेपनि शनिबार बैशाख शुक्ल नवमीका दिन भने बेग्लै चहलपहल र रौनक थियो।

मिथिलाका राजा राजर्षि जनक राज्यमा खडेरी परेपछि किसानहरुको हौसला बढाउन र वर्षाका लागि ईन्द्रदेवलाई आग्रह गर्न स्वयम् खेतमा हलो जोतिरहेको अवस्थामा यसै दिन माता जानकी धर्तीबाट प्रकट भएको स्मरणमा जानकी नवमीलाई जानकी जन्मोत्सवको रुपमा श्रद्धाभक्तीपूर्वक मनाइन्छ।

जनकपुरधामको हरेक सिताराम मन्दिरमा धार्मिक र श्रद्धाभक्तीको माहोल रहेपनि जानकी मन्दिरमा विशेष कार्यक्रमहरूको आयोजना गरिएको थियो।

**दूधमतीमा भव्य शाही स्नान**

जानकी नवमीका अवसरमा शनिबार जनकपुरधाम उपमहानगरपालिका–२२ बसबिट्टीस्थित दूधमती नदी घाटमा भव्य शाही स्नान गरिएको छ। बिहानैदेखि यहाँ हजारौँ हिन्दू धर्मावलम्बीहरू पूजाआराधना, भजनकीर्तन तथा धार्मिक अनुष्ठान गर्दै स्थानमा सहभागी जनाएका थिए।

त्यस अवसरमा जानकी मन्दिरका सहमहन्त रामरोशन दास वैष्णवसहित साधुसन्त र धार्मिक अगुवाहरूले शाही स्नान गरे। शाही स्नानलाई जानकी नवमीको मुख्य आकर्षणका रूपमा लिइन्छ, जसले माता जानकीप्रति श्रद्धा र आस्थालाई अझ सुदृढ बनाउने विश्वास गरिन्छ।

यसअघि जानकी मन्दिरबाट बाजागाजा, धार्मिक झाँकी र ध्वजापताकासहित भव्य शोभायात्रा निकालिएको थियो। शोभायात्रा जानकी घाट पुगेर शाही स्नानमा परिणत भएको थियो।

शनिबार दिउँसो १२ बजे जन्म आरती तथा बधाई गान कार्यक्रम आयोजना गरेका थिए। अपराह्न ४ बजेदेखि मन्दिरबाट डोला शोभायात्रा निकाली नगर परिक्रमा गर्ने कार्यक्रम रहेको साँझ जानकी मन्दिर परिसरमा सवा लाख दीप प्रज्वलन गर्ने तयारी गरिएको सहमहन्त वैष्णवले जानकारी दिए।

# जिसस पर्साका प्रमुख सोनारविरुद्ध पक्राउ पुर्जी



**मधेशदृष्टि**
**वीरगंज।**
टुट्न लागेको घरबार पुनः जोडी दिन पञ्चायती गरिदिने अगुवाको विरुद्ध नै पर्सामा मुद्दा दर्ता भएको छ।

पर्सा जिल्लामा जिल्ला समन्वय समिति पर्साका प्रमुख निरञ्जन प्रसाद सोनारविरुद्ध प्रहरीले मुद्दा दर्ता गरेको हो। सभापति सोनारका अनुसार बितेको दशैँपछि उनले एउटा पञ्चायती गरेका थिए। आफ्नै गाउँकी एक छोरीको अर्को गाउँमा विवाह भएको केही पछि दुल्हा दुल्हीबीच बेमेल भएपछि उनीहरूलाई सम्झाइबुझाइ गर्न जिल्ला प्रमुख सोनारको अगुवाईमा घरायसी सरसल्लासहित अनौपचारिक पञ्चायती बसेको थियो। सो क्रममा एकजना सञ्चारकर्मी त्यहाँ पुगेर फोटो खिच्न र भिडियो गर्न थालेपछि यो झगडा बल्झाउने वा प्रचार गर्ने नभइ मिलाउनेतर्फ जाउँ फोटो नखिचौँ भन्दा सोनारका भतिज र सञ्चारकर्मी मिथुन सर्राफबीच सामान्य झडप भएको थियो। पछि प्रहरीको रोहवरमा मेलमिलाप समेत भइसकेको, घटनास्थल भेडियाहीका बासिन्दा बताउँछन्।

घटना भएको आठ महिनापछि ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भएको थाहा पाउँदा आफू अचम्ममा परेको जिल्ला समन्वय पर्साका प्रमुख सोनारले बताए। झडपका बेला कुनै घाउ चोट नलागेको र त्यसमा आफ्नो संलग्नता नभएको उनको भनाई छ। यता प्रहरीले भने घटना सामान्य भए पनि उच्च अदालतबाट आदेश लिएर आएको हुनाले दर्ता गर्न आफूहरू बाध्य भएको बताएको छ। यस सम्बन्धमा पहिलोपटक प्रहरीले घटना दर्ता गर्नु पर्ने अवस्थाको होइन भन्ने जवाफसमेत अदालतलाई पठाएको थियो। सभापति सोनारलगायत एकै परिवारका ६ जनाविरुद्ध 'ज्यान मार्ने उद्योग' मुद्दामा पक्राउ पुर्जी जारी भएको छ। समाजमा झगडा मिलाउने, सम्झाइबुझाई गर्ने अगुवा पदाधिकारीविरुद्ध नै झुटा मुद्दा दर्ता भएको भन्दै स्थानीय बासिन्दाले आपत्ति जनाएका छन्।

उनीहरूले सञ्चारकर्मीका नाममा हुने आतंकबाट आफूहरू अन्यायमा परेको बताएका छन्।

# बुटवलमा गर्भवती मृत्यु प्रकरणमा दुई क्लिनिक शिल, डाक्टर निलम्वित

**लुम्बिनी।**
बुटवलमा गर्भवती गीता पाण्डेको उपचारका क्रममा भएको मृत्यु प्रकरणमा छानविन गरिरहेको मेडिकल काउन्सिलको टोलीले आज काउन्सिलको केन्द्रीय कार्यालयलाई प्रारम्भिक प्रतिवेदन बुझाएको छ।

काउन्सिलले ७२ घण्टा लगाएर गरेको छानविनको प्रारम्भिक प्रतिवेदनका आधारमा जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिकलाई सिल गर्न सिफारिस गरिएको छ भने डा सतिश रूपाखेतीलाई तत्कालका लागि निलम्वन गरिएको छ।

पाल्पाको बगनासकाली गाउँपालिका–२ की २९ वर्षीया पाण्डेको गर्भपतन गराउने क्रममा वैशाख ६ गते मृत्यु भएको थियो। प्रारम्भिक तथ्यअनुसार उनी बुटवलस्थित खत्री नर्सिङ होम, जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिकमा उपचारका क्रममा धाउँदाधाउँदै अन्ततः ज्यान गुमाउन पुगेकी थिइन्।

यस घटनापछि नेपाल मेडिकल काउन्सिलले तत्काल छानविन प्रक्रिया अघि बढाउँदै डा सम्राट पराजुलीको संयोजकत्वमा समिति गठन गरेको थियो। समितिले ७२ घण्टाभित्र २६ पृष्ठको प्रारम्भिक प्रतिवेदन तयार गरी काउन्सिललाई बुझाएको छ।

काउन्सिलका रजिष्ट्रार डा सतिषकुमार देव, उपाध्यक्ष डा कुन्जाङ शेर्पालगायतको काउन्सिलको केन्द्रीय टोलीलाई छानविन समितिले प्रतिवेदन बुझाएको हो। प्रतिवेदनमा मृतकको गर्भपतन गराउने कार्यमा संलग्न स्वास्थ्यकर्मीमाथि थप कारबाहीको प्रक्रिया अघि बढाइएको छ। काउन्सिलका पदाधिकारीका अनुसार, यी कदम अन्तिम प्रतिवेदन नआएसम्मका लागि अस्थायी भए पनि गम्भीर लापरबाहीको सङ्केतका रूपमा लिइएका छन्।

काउन्सिलका रजिष्टार डा सतिषकुमार देवले छानविन समितिको सिफारिसका आधारमा शनिबार बसेको काउन्सिलको जुम बैठकले तत्कालका लागि डा. सतिष रूपाखेतीलाई निलम्बन गर्ने निर्णय भएको बताए। यसका साथै मृतक पाण्डेको उपचारमा संलग्न भएका संस्था जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिकलाई बन्द गर्न जिल्ला प्रशासनलाई सिफारिस गर्ने निर्णय गरेको छ। त्यस्तै उपचारमा संलग्न अन्य स्वास्थ्यकर्मीलाई पनि कारबाही गर्न सिफारिस भएको उनले बताए। चिकित्सकको आचारसंहिता २०१७ को आधारमा तत्कालका लागि निलम्बन गरिएको हो। छानविनकै क्रममा फौजदारी अभियोग पनि आकर्षित हुनसक्ने भएकाले अन्तिम कारबाही मेडिकल काउन्सिलको अन्तिम छानविन पछि मात्र हुने उनले बताए।

मृतकका पति प्रकाश पाण्डेले यो घटनालाई नाफामुखी स्वास्थ्य व्यापारको परिणाम भन्दै संलग्न चिकित्सक र सञ्चालकविरुद्ध किटानी जाहेरी दिएका छन्। गर्भपतन सेवा लिँदा कानूनी मान्यता प्राप्त र प्रमाणित संस्थामात्र रोज्नुपर्ने, १२ हप्ताभन्दा बढीको गर्भपतन जटिल र जोखिमपूर्ण हुनसक्ने भएकाले विशेषज्ञको निगरानी अनिवार्य हुनैपर्ने विषयलाई काउन्सिलको छानविन समितिले सुझावका रुपमा उल्लेख गरेको छ।

काउन्सिलले डा. पराजुलीको संयोजकत्वमा छ सदस्यीय छानविन समिति गठन गरेको थियो। समितिको सदस्यमा प्रा.डा. पदमराज पन्त, डाक्टर राजेन्द्र बस्याल, डाक्टर अनुप पन्थी, अधिवक्ता गोविन्दप्रसाद मरासिनी र नागरिक समाजकोतर्फबाट पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे सदस्य थिए।

# बिजुली महशुल भुक्तानी र आधारभूत सेवा समस्याविरुद्ध आन्दोलित




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मौलापुरमा बिजुली, खानेपानी तथा विवाहसँग सम्बन्धित बाँकी भुक्तानी तत्काल दिलाउन माग गर्दै गठित संघर्ष समितिले चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गरेको छ। लामो समयदेखि स्थानीय समस्या समाधान नभएपछि दबाब सिर्जना गर्न आन्दोलन अघि सारिएको हो।

मौलापुर बजारमा आयोजित पत्रकार सम्मेलनमार्फत संघर्ष समितिले आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो। समितिका अनुसार वैशाख १३ गतेदेखि टोल–टोलमा अन्तरक्रिया तथा हस्ताक्षर संकलन अभियान सञ्चालन गरिनेछ। यस अभियानमार्फत स्थानीय बासिन्दाको समर्थन जुटाउँदै मागलाई थप सशक्त बनाइने जनाइएको छ। त्यसैगरी, वैशाख १५ गते प्रमुख जिल्ला अधिकारीमार्फत सम्बन्धित निकायलाई औपचारिक ज्ञापनपत्र बुझाइने कार्यक्रम तय गरिएको छ। ज्ञापनपत्रमा स्थानीय समस्या र तत्काल समाधानका मागहरू समेटिनेछन्।

यस्तै, वैशाख २१ गते नगरपालिकामा विरोध प्रदर्शन गरिनेछ भने अन्तिम चरणमा जेठ ४ गतेदेखि नगरपालिकामा तालाबन्दी गर्ने कार्यक्रमसमेत घोषणा गरिएको छ।

संघर्ष समितिले माग सम्बोधन नभए आन्दोलनलाई अझ कडा बनाइने चेतावनी दिएको छ। साथै, नागरिकका आधारभूत सेवा–सुविधा र भुक्तानी समस्याप्रति गम्भीर भई तत्काल समाधान गर्न सम्बन्धित निकायसँग आग्रह गरेको छ।

# बीपी राजमार्गमा आवागमन बन्द सवारी साधन होल्ड



**।काभ्रे।**
दिउँसोको वर्षाका कारण बीपी राजमार्गको जोखिमलाई मध्यनजर गर्दै सुरक्षा निकायले आवागमन बन्द गराइएको छ। जिल्ला प्रहरी कार्यालय धुलिखेलले राजमार्ग अन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्धस्थित कटुञ्जेदेखि रोशीको मङ्गलटार सडकखण्ड दिउँसो ३:३० बजेदेखि बन्द गराएको हो।

वर्षाका कारण रोशी खोलामा ठूलो बाढी आएकाले सम्भावित जोखिम नहोस् भन्ने हेतुले आवागमन बन्द गराइएको कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रविन विष्टले जानकारी दिए। उनका अनुसार राजमार्गको अवस्था बुझेर मात्रै यात्रा गर्न सर्वसाधारणलाई अनुरोध गरिएको छ भने अर्को सूचना जारी नभएसम्म सो खण्डमा यात्रा नगर्न अपिलसमेत गरिएको छ।

वर्षाका कारण रोशी खोलामा पानीको बहाव बढ्दा राजमार्गमा यसअघि निर्माण गरिएको अस्थायी डाइभर्सन बगाउने गरेको थियो। गतसालको बाढीपहिरोले राजमार्गको रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किमी सडक बगाएपछि डाइभर्सन निर्माण गरी आवागमन भइरहेको थियो। यस्तै गत चैत तेस्रो साता पनि सोही क्षेत्रको विभिन्न स्थानको ४ किमी बगाएपछि पुनः अस्थायी डाइभर्सन निर्माण गरिएको थियो।

यसैबीच राजमार्ग अवरुद्ध भएपछि सवारी साधनहरूलाई अहिले राजमार्गको प्रवेशमार्ग धुलिखेलको काभ्रेभन्ज्याङ र सिन्धुलीको नेपालथोकमा 'होल्ड' गरेर राखिएको जनाइएको छ। गतसाल असोजको बाढीपहिरोले चौकीडाँडा–नेपालथोक सडकखण्ड पूर्णरूपमा क्षतिग्रस्त बनाएपछि खोलाबाटै अस्थायी सडक एवम् डाइभर्सन बनाएर यातायातका साधन सञ्चालन गर्दै आइएको थियो। हाल यो क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ।

# वैशाखका १२ दिनमै विपद्मा २३ जनाको मृत्यु

**काठमाडौँ।**
विभिन्न विपद्जन्य घटनामा परेर यो महिनाको १२ दिनमै २३ जनाको मृत्यु भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वैशाख १ गतेदेखि १२ गतेसम्म भएका ४ सय २२ वटा विपद्का घटनामा उनीहरुको मृत्यु भएको छ।

ती घटनाबाट ७३ जना घाइते भएका र ५ सय २७ परिवार प्रभावित भएका प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिइन्। उनका अनुसार सबैभन्दा बढी सात जनाको आगलागीमा परे ज्यान गएको छ।

चट्याङबाट चार, हावाहुरीका कारण चार, लेक लागेर दुई, डुङ्गा पल्टिँदा दुई जनाको मृत्यु भएको छ। यस्तै वन डढेलोबाट एक, सर्पदंशबाट एक, जनावरको आक्रमणबाट एक र पहिरोबाट एक जनाको मृत्यु भएको छ।

घाइते हुनेमा पनि सबैभन्दा बढी आगलागीबाट २४ जना रहेका छन्। सर्पदंशबाट १९ र जनावरको आक्रमणबाट १३ जना घाइते भएका प्राधिकरणले जनाएको छ।

पछिल्लो २४ घण्टामा मात्रै विपद्जन्य घटनामा तीन जनाको मृत्यु भएको र अन्य सात जना घाइते भएका प्राधिकरणले जानकारी दिएको छ।

प्राधिकरणले विपद्जन्य घटनाका सावधानी अपनाउन र घटना भएमा तत्काल सम्बन्धित 'फोकल पर्सन' वा प्रहरी कार्यालय तथा प्रशासन कार्यालयमा जानकारी गराउन अनुरोध गरेको छ।

# सुवर्ण गापा कमिटि अन्तर्गत रक्तदान कार्यक्रम



**मधेशदृष्टि**
**कलैया।**
जेन्जी एण्ड युथ अफ बाराको आयोजनामा बारा जिल्लाको सुवर्ण गाउँपालिका कमिटी अन्तर्गत रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

बारा क्षेत्र नं. २ र ३ का सांसदद्वय चन्दन कुमार सिंह एवं अरविन्द साहको विशेष उपस्थितिमा आयोजिन उक्त रक्तदान कार्यक्रममा सुवर्ण गाउँपालिकाका अध्यक्ष राजेश यादव, रक्त सञ्चार केन्द्र वीरगंजका सौरभ पाण्डे, धर्मवीर यादव, प्रशान्त यादव, सुरज साह, दिपेन्द्र साह, सुरज खनाल, राजु कुमार यादव, तमन अली लगायत स्थानीयहरुको उल्लेख्य उपस्थिति रहेको थियो।

# सांसद कानु आफ्नै वडामा सम्मानित



मधेशदृष्टि
वीरगंज।
पर्सा क्षेत्र नम्बर २ बाट नवनिर्वाचित प्रतिनिधिसभा सदस्य सुशील कुमार कानु आफ्नै गृह वडा वीरगंज महानगरपालिका–१० मा सम्मानित भएका छन्।

शनिबार वडा कार्यालयमा आयोजित कार्यक्रममा कार्यवाहक वडाध्यक्ष सन्तोष जैसी, वडा सदस्यहरू प्रभु महतो, मिश्रादेवी नगरकोटी, प्रमिला देवी तथा वडा सचिव पवन प्रधानले सांसद कानुलाई दोसल्ला ओढाई प्रशंसापत्र प्रदान गरी सम्मान गरेका हुन् । सम्मान ग्रहण गर्दै सांसद कानुले आफ्नै वडाबाट सम्मानित हुन पाउँदा गौरव महसुस भएको बताए।

उनले गृह वडासहित समग्र क्षेत्रको विकास निर्माण तथा जनसेवामा निरन्तर सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रम कार्यवाहक वडाध्यक्ष जैसीको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाका मन्त्री विनोद गिरी, घडिअर्वा स्पोर्ट्स क्लबका अध्यक्ष सन्तोष कानु, पशुपति आदर्श क्लबका अध्यक्ष सन्तोष गुप्तालगायतको उपस्थिति रहेको थियो।

# बागमती किनाराको अव्यवस्थित बस्ती खाली गराइयो



**मधेशदृष्टि**
**काठमाडौँ ।**
थापाथलीस्थित बागमती नदी किनारा लगायत काठमण्डौका विभिन्न स्थानमा रहेको अव्यवस्थित बस्ती खाली गरिएको छ । बस्ती खाली गर्ने क्रममा आफू घरबारविहीन भएको बताएका ३८ परिवारका सदस्यलाई सरकारले बैकल्पीक व्यवस्थाका लागि तयारी गरेको छ ।

तत्कालै बस्ने बास नभएका सुकुम्वासी मध्ये केहीलाई दशरथ रङ्गशालामा लगिएको छ भने कतिपयलाई अन्यत्र व्यवस्था गरेको छ । सुकुम्वासी बस्तीका टहरा हटाउनुअघि स्वेच्छाले स्थानान्तरण हुन चाहने परिवारलाई महानगर प्रहरी बल र नेपाल प्रहरीले गन्तव्यसम्म पुग्न मानवीय सहयोगका साथै सवारी साधन र व्यवस्थापकीय सहयोग प्रदान गरेका थिए । प्रशासनले नदी किनार क्षेत्रको अतिक्रमण हटाउने अभियानअन्तर्गत बस्ती खाली गराएको जनाएको छ ।

यसैबीच, थापाथली अव्यवस्थित बस्ती खाली गराउँदा आफूलाई घरवारविहीन बताउनेमध्ये १३ जनालाई सुन्दरीघाटस्थित राधास्वामी सत्संग लगिएको काठमाडौं महानगरपालिकाले जनाएको छ ।

उनीहरूको परिवारको अभिभावक नै नभएको बुझिएको छ । उनीहरूलाई लगिएका र थप विवरण खोजीकार्य जारी रहेको महानगर प्रहरीले जनाएको छ ।

मुलुकको अन्यत्र कहिं कतै जग्गा जमिन नभएका बास्तविक सुकुम्बासीको लगत उठाउन महानगर पालिकाले शनिबारदेखि डेस्क सञ्चलानमा ल्याएको छ ।

# क्यान्सरजस्ता रोग निको पार्न पञ्चगव्य चिकित्सा पद्धति प्रवर्द्धन गरिनुपर्नेमा जोड

**काठमाडौँ।**
स्थानीय जातका गाईको गहुँत, गोबर, दूध, दही र घ्यूको प्रयोग गरी बनाइने पञ्चगव्य चिकित्सा पद्धतिबाट क्यान्सरजस्ता रोग निको भएकाले यसलाई प्रवद्र्धन गरिनुपर्नेमा जोड दिइएको छ । गौ संरक्षण अभियानले शनिबारदेखि आयोजना गरेको 'पञ्चगव्यको महत्व एवं गौ विज्ञान कथा' विषयक दुईदिने कार्यक्रमका वक्ताले देशभर स्थानीय जातका गाई पाल्न प्रोत्साहन गरेर पञ्चगव्यबाट उपचार गर्ने पद्धतिको विकास गरिनुपर्नेमा दिएका हुन्।

भारतको काञ्चीपुरम् तामिलनाडुस्थित सेवारत्न पञ्चगव्य विद्यापीठका पारम्परिक वैद्यरत्न गव्यसिद्धाचार्य गुरुकुलपति निरञ्जनकुमार वर्माले २४ वर्षदेखि यस विषयमा अभ्यास गरिरहँदा सबै रोगको उपचार पञ्चगव्य पद्धतिबाट हुने प्रमाणित भएको बताए। स्थानीय जातका गौमाताबाट निरोग नेपाल बनाउन सकिने उल्लेख गर्दै उनले गाई शाश्वत सत्य र धरतीकै माता भएकाले यसको संरक्षण गरी फाइदा लिनुपर्नेमा जोड दिए । वैदिक दर्शनअनुसारका ८४ लाख योनीमा गाईमात्र अवतरित प्राणी भएको बताउँदै उनले माटोको शुद्धीकरणमा पनि स्थानीय जातका गाईको प्रयोगले धेरै राम्रो हुने प्रमाणित भएको बताए।

मानिसले पृथ्वी, जल, तेज, वायु र आकाश गरी पाँचवटै तत्वलाई प्रदूषित गर्ने गरेको सुनाउँदै गुरुकुलपति वर्माले यसको शुद्धीकरण पनि पञ्चगव्यबाट हुने बताए।

नेपाल र भारतका मूल प्रजातिका गाईले कम दुध दिने गरेकाले पनि तिनलाई पाल्नेक्रम घट्दै गएको उल्लेख गर्दै उनले विभिन्न विधिको प्रयोगबाट तीनगुणासम्म दूध बढाउन सकिएको अनुभव सुनाए । त्यो प्रविधिलाई नेपालमा पनि लागू गर्न सकिने गुरुकुलपति वर्माको भनाइ थियो।

भारत सरकारका पूर्वसचिव एवं भारतको काञ्चीपुरम् तामिलनाडुस्थित सेवारत्न पञ्चगव्य विद्यापीठका उपगुरु कुलपति डा कमल टावरीले स्थानीय जातका गाईको पञ्चगव्यका माध्यमबाट रोजगारी सृजना गर्न सकिने बताए। गाईको गहुँतलगायत गोरसबाट ठूलो व्यवसाय गर्न सकिने भएकाले युवालाई यसतर्फ आकर्षित गरिनुपर्ने उनले बताए । यसमा जडीबुटी पनि जोडेर काम गर्न सकिने भनाइ पनि उनको थियो।

बाबा योगीराजले स्थानीय जातका गाई विज्ञानका साथै कृषिको मुख्य आधार भएकाले यसको संरक्षणमा सुरु गरिएको अभियानलाई देशव्यापी बनाउन सुझाव दिए । आयुर्वेद जडीबुटीबाट घरमै औषधि बनाउने पद्धति भएपनि त्यसमा अहिले विकृति आउन सुरु गरेको उनले सुनाए। आफूले सेवाभावले आयुर्वेदको निःशुल्क उपचार गर्ने गरेको पनि बाबा योगीराजले कार्यक्रममा जानकारी दिए।

कार्यक्रममा महेश मोदीले गोडामा भएको समस्या पञ्चगव्य उपचार पद्धतिबाट नै सम्भव भएको जानकारी दिए । पुरानो सिनामङ्गलका स्थानीयवासी अमित ढुङ्गानाले श्रीमतीलाई क्यान्सर भएपछि आधुनिक चिकित्सा पद्धतिबाट ठीक नभई स्थानीय जातका गाईको गहुँत सेवनबाट निको भएको जानकारी दिए । अमेरिका रहेका आफ्ना साथीका बुबालाई क्यान्सर भएपछि त्यहाँको उपचार पद्धतिबाट पनि ठीक नभएर नेपाल आई गहुँतबाट अहिले निको हुँदै गएको जानकारी पनि उनले दिए।

आधुनिक पद्धतिको चिकित्सकसमेत रहेका गुरु गोरखनाथ फाउन्डेसनका अध्यक्ष डा सुवेन्दु गुप्ताले पञ्चगव्य उपचार पद्धतिलाई एकीकृत स्वास्थ्य सेवामा अघि बढाउनुपर्ने बताए । आफूले ३० वर्षदेखि आधुनिक चिकित्सा पद्धतिमा काम गर्दै आए पनि पञ्चगव्य उपचार पद्धतिलाई वैकल्पिक उपचारको सूचीमा समावेश गरिनुपर्ने विचार उनको थियो।

वरिष्ठ पत्रकार प्रेम कैदीले रक्सी र चुरोट खान प्रचार गर्नु नपर्ने तर अमृतका रूपमा रहेका पञ्चगव्यका लागि प्रचार गर्नुपर्ने अवस्था रहनु दुःखद् भएको बताए । स्वर्गका रूपमा रहेका नेपालका गाउँमा पञ्चगव्य उपचार पद्धति लोप होला जस्तो भएकाले त्यसको संरक्षण गरिनुपर्नेमा पनि उनको जोड थियो।

नेपाली भान्सा सुधार अभियानकी अध्यक्ष कविता दाहालले नेपाली भान्साभित्र आयुर्वेद रहने गरी गरिएको व्यवस्था भङ्ग हुन थालेपछि नेपाली विभिन्न रोगले पीडित हुन थालेको बताइन्। यसका लागि आमा, सासूआमाले सिकाएको नेपाली भान्सा परम्परालाई पुनःस्थापित गरिनुपर्नेमा उनले जोड दिइन्। नेपाली भान्सामा पञ्चगव्य पहिलेदेखि नै मुख्य अङ्गका रूपामा रहँदै आएको पनि अध्यक्ष दाहालले सुनाइन्।

आयोजक समिति गौ संरक्षण अभियानका अध्यक्ष स्मृति राणा मल्लले आइतबारसम्म आयोजना हुने कार्यक्रमले नेपालमा स्थानीय जातका गाई संरक्षणका जागरण ल्याउने विश्वास व्यक्त गरिन् । अभियानका गव्यसिद्धाचार्य प्रमुख प्रेम आर्यले गव्य चिकित्साका माध्यमबाट शरीरका समस्या समाधान हुने बताए । स्थानीय जातका गाई रक्षाका लागि काम गरेर पञ्चगव्य चिकित्सा पद्धतिलाई नेपालमा स्थापित गर्नु अभियानको मुख्य उद्देश्य रहेको जानकारी पनि उनले दिए। रासस

# हरनैयामा निःशुल्क स्वास्थ्य शिविर १ हजार बढी बिरामी लाभान्वित




**मधेशदृष्टि**
**कलैया।**
बाराको आदर्श कोतवाल गाउँपालिका–हरनैयामा आयोजित निःशुल्क स्वास्थ्य शिविरबाट एक हजारभन्दा बढी स्थानीय लाभान्वित भएका छन् । नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीरगंजको आयोजनामा शुक्रबार सम्पन्न उक्त शिविरबाट १ हजार ८२ जना बिरामीले सेवा लिएका हुन्।

ग्रामीण क्षेत्रका बासिन्दालाई लक्षित गरी सञ्चालन गरिएको शिविरमा विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीको टोलीले निःशुल्क स्वास्थ्य परीक्षणसँगै औषधि वितरण गरेको थियो । साथै, इसिजी, इको र युएसजी जस्ता अत्यावश्यक परीक्षण सेवा पनि उपलब्ध गराइएको थियो।

शिविरमा जनरल फिजिसियन, मुटु रोग, छाला रोग, स्त्री तथा प्रसूति, हाडजोर्नी तथा नशा रोग, बाल रोग र रेडियोलोजी सम्बन्धी सेवा प्रदान गरिएको आयोजकले जनाएको छ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष जवाहर प्रसाद साह, प्रमुख प्रशासकीय अधिकृत विजय कुमार चौरसिया, स्वास्थ्य शाखा प्रमुख पारस राय यादव तथा कार्यक्रम संयोजक रमाकान्त साहको उपस्थिति रहेको थियो । यस्तै, नेशनल मेडिकल कलेजका तर्फबाट अस्पताल निर्देशक डा. इशरत जहाँ अन्सारी, कार्डियोलोजिस्ट डा. जितेन्द्र मिश्र लगायतको उपस्थिति रहेको थियो।

यसै अवसरमा आदर्श कोतवाल गाउँपालिका र नेशनल मेडिकल कलेजबीच स्वास्थ्य सेवा विस्तार र सहकार्यलाई मजबुत बनाउने उद्देश्यले महत्वपूर्ण समझदारीपत्र (एमओयू) मा हस्ताक्षर समेत गरिएको छ । उक्त सम्झौतामा गाउँपालिका अध्यक्ष जवाहर प्रसाद साह र अस्पताल निर्देशक डा. इशरत जहाँ अन्सारीले हस्ताक्षर गरेका हुन्।

# 'युट्युव' हेरेर सीप, 'फेसबुक–टिकटक' बाट बजारीकरण

**म्याग्दी।**
यहाँको मालिका गाउँपालिका–५ देवीस्थानकी अस्मिता सिउथानी कपडाको डिजाइन र सिलाइकटाइसम्बन्धी सीप सिकेर आत्मनिर्भर बनेकी छिन् । उनले बेनीको सङ्गमचोकमा सञ्चालन गरेको अस्मिता टेलरिङ सेन्टरमा आफ्नै डिजाइनमा झोला तयार पार्नुका साथै सिलाइकटाइसम्बन्धी काम गर्दै आएकी छिन् । ग्राहकको मागअनुसार विभिन्न प्रकारका झोला, कुर्ता सुरुवाल, साडी र ब्लाउज तयार पार्न थालेपछि सिउथानीको व्यवसाय फस्टाएको छ।




उनले फुर्सदको समय सदुपयोग गर्न सिकेको सिलाइकटाइसम्बन्धी व्यवसायम फस्टाउन सामाजिक सञ्जालले निकै सघाउ पुगेको उनले बताइन्। 'युट्युव हेरेर झोला र लेडिज कपडाको डिजाइन गर्न सकेको र थालेकी हुँ' सिउथानीले भनिन्, 'ग्राहकको रोजाइअनुसार कपडा र झोला तयार पार्ने र सामाजिक सञ्जाल 'फेसबुक र टिकटक' बाटै बजारीकरण गर्दै आएकी छु।'

काठमाडौँ, पोखराबाट कपडा ल्याएर उनी महिला, विद्यार्थी र पदयात्रीलाई लक्षित गरी झोला तयार पार्ने गरेकी छिन्। झोलालाई आकारअनुसार प्रतिगोटा रु एक हजार २०० देखि रु एक हजार ७०० सम्ममा बिक्री गरिरहेको सिउथानी जानकारी दिइन्। 'बेनी बजारसहित म्याग्दीका ग्रामीण क्षेत्रका साथै पोखरा, काठमाडौँ र विदेश जानेहरूले पनि झोला मन पराउने गरेका छन्', उनले सुनाइन्, 'विसं २०७४ मा सिलाइकटाइ व्यवसाय सुरु गरेकी थिए । पछिल्ला केही वर्षयता डिजाइनमा लागिरहेकी छु।'

यसबाट 'सिजन'मा मासिक रु एक लाख ५० हजारदेखि रु दुई लाखसम्म आम्दानी हुने गरेको छ। 'मागअनुसार झोला र कपडा बनाउन थालेपछि बजारमा प्रतिस्पर्धा कम भएको छ। पछिल्लो समय त काम छैन भनेर बस्नुपरेको छैन', सिउथानीले भनिन्, 'दैनिक कारोबार त भइरहेकै छ। सीप सिक्न चाहनेलाई पनि सिकाइरहेकी छु । यसले पैसा र सन्तुष्टि दुवै मिलिरहेको छ।'

उनलाई एकीकृत सेवा कार्यालय र प्रदेश सरकारले व्यवसाय सञ्चालनका लागि औजार खरिदमा सहयोग गरेको छ। यसले काम गर्न सहज र थप हौसला मिलेको सिउथानीले बताइन् । रासस

**सिया मेडिकेयर प्रा. लि. को प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन तयारी सम्बन्धि**

**सार्वजनिक सुनुवाई कार्यक्रमको सुचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१३ गते आइतबार**

मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ०२, स्थित सिया मेडिकेयर प्रा. लि., द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

**प्रस्तावको नाम र ठेगाना** : सिया मेडिकेयर, जनकपुरधाम उ.म.न.पा., वडा नं ०२, धनुषा

**सम्पर्क नं** : ९८४९४९७६७६, ९८४१८३५४५९

**प्रस्तावको व्यहोरा** : विभिन्न रोगहरु सम्बन्धि बिरामीहरुको स्वास्थ्य उपचारको लागि विशेषज्ञ चिकित्सा सेवा सहित ५० शैया क्षमतामा सिया मेडिकेयर संचालन गर्ने।

**प्रभाव पार्न सक्ने जिल्ला/ नगरपालिका** : धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ०२

माथि उल्लेखित ५० शैया क्षमतामा अस्पताल संचालन प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको व्यबस्था अनुरुप प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा वातावरणीय अध्ययन प्रतिबेदन तयारीको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले प्रस्तावित आयोजना रहने धनुषा जिल्ला, जनकपुरधाम उप-महानगरपालिका वडा नं ०२ तथा त्यस क्षेत्रका बिध्यालय, सार्वजनिक स्थल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले तल उल्लेखित मिति, समय र स्थानमा उपस्थित भइ आफ्नो अमुल्य राय, सुझाव तथा प्रतिक्रियाहरु दिनको लागि हार्दिक अनुरोध गर्दछौ।

**सार्वजनिक सुनुवाई कार्यक्रम विवरण :**

**मिति : २०८३ साल बैशाख १९ गते शनिबार**

**स्थान : जनकपुरधाम उप- महानगरपालिका ०२, स्थित सिया मेडिकेयरको प्रांगण**

**समय : बिहान ११ : ०० बजे**

## पोखरिया बजारमा ट्राफिक सचेतना अभियान

# जनचेतनामूलक बोर्ड स्थापना

**मधेशदृष्टि**
**वीरगंज।**
बढ्दो सवारी दुर्घटनालाई नियन्त्रणमा ल्याउने उद्देश्यले पर्साको पोखरिया बजारमा ट्राफिक सचेतनामूलक अभियान सञ्चालन गरिएको छ। शनिबार इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक प्रदीप पौडेलको पहलमा पोखरिया बजरंग युवा समाजसँगको सहकार्यमा बजारका विभिन्न स्थानमा चेतनामूलक बोर्डहरू स्थापना गरिएको हो।

अभियान अन्तर्गत 'मादक पदार्थ सेवन गरी सवारी नचलाऔं', 'तिव्र गति जीवनका लागि घातक हुन्छ', 'ट्राफिक नियमको पालना गरौं' र 'हेलमेटको अनिवार्य प्रयोग गरौं' जस्ता सन्देशसहितका बोर्डहरू राखिएको प्रहरीले जनाएको छ।




प्रहरी निरीक्षक पौडेलले सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक नियमको कडाइका साथै जनचेतना अभिवृद्धि अत्यन्त आवश्यक रहेको बताउँदै यस अभियानलाई त्यसैको हिस्सा भएको स्पष्ट पारे। कार्यक्रममा प्रहरी निरीक्षक पौडेलसहित पोखरिया बजरंग दलका पवन गुप्ता लगायत स्थानीय युवाहरूको सक्रिय सहभागिता रहेको थियो।

## लहानमा निःशुल्क आँखा जाँच शिविर सञ्चालन



**सिरहा।**
सिरहाको लहान नगरपालिकाले सगरमाथा चौधरी आँखा अस्पतालसँगको सहकार्यमा वडा नं १७ मा शनिबार निःशुल्क आँखा जाँच शिविर सञ्चालन गरेको छ। नगरपालिकाले विगत तीन वर्षदेखि अस्पतालसँग सम्झौता गरी नियमित रूपमा यस्ता शिविर सञ्चालन गर्दै आएको हो।

शिविरअन्तर्गत मोतियाविन्दु पहिचान भएका बिरामीको निःशुल्क शल्यक्रिया गरिँदै आएको छ। शिविर उद्घाटन गर्दै नगरप्रमुख चौधरीले नगरलाई मोतियाविन्दु मुक्त बनाउने लक्ष्यसहित कार्यक्रम अघि बढाइएको जानकारी दिए।

आर्थिक अभावका कारण कुनै पनि नगरवासी आँखासम्बन्धी समस्याबाट पीडित नहोस् भन्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो, उनले भने। उनका अनुसार शिविरसँग सम्बन्धित सम्पूर्ण खर्च नगरपालिकाले व्यहोर्ने छ। यस वर्ष वडा नं १७ बाट सुरु गरिएको शिविर नगरका सबै २४ वटै वडामा सञ्चालन गरिनेछ। साथै, मोतियाविन्दु पहिचान भएका बिरामीलाई नगरबसमार्फत अस्पतालसम्म ल्याउने पु¥याउने व्यवस्था निःशुल्क गरिएको छ।

सगरमाथा चौधरी आँखा अस्पतालका शिविर संयोजक राजकुमार राउतका अनुसार पछिल्ला तीन आर्थिक वर्षमा लहान नगरपालिकासँगको सहकार्यमा सञ्चालन भएका शिविरमार्फत १७ हजारभन्दा बढी व्यक्तिको निःशुल्क आँखा जाँच गरिएको छ। तीमध्ये करिब दुई हजार ५०० जनाको मोतियाविन्दुको शल्यक्रिया गरिएको छ भने आठ हजारभन्दा बढीलाई निःशुल्क चस्मा र औषधि वितरण गरिएको छ। अस्पतालले नेपाल तथा भारतका वार्षिक रूपमा करिब २५ लाख आँखाका बिरामीको उपचार गर्दै आएको छ। साथै, विभिन्न स्थानीय तहसँगको सहकार्यमा दक्ष जनशक्ति र आधुनिक प्रविधिसहित आँखा जाँच शिविरलाई निरन्तरता दिँदै आइएको अस्पतालले जनाएको छ। रासस

## पोखरिया नगरपालिकामा बेथिति र अनियमितताको आरोप

# ७ करोड रुपैयाँ हराएको दाबीपछि नगरपालिकामा हंगामा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पोखरिया नगरपालिकामा आर्थिक अनियमितता र प्रशासनिक बेथितिबारे गम्भीर आरोप सार्वजनिक भएका छन्। उपप्रमुख रूवी ठाकुरले नगरपालिकाको खाताबाट करिब ७ करोड रुपैयाँ बराबरको रकम हराएको दाबी गर्दै यस विषयले ठूलो विवाद सिर्जना गरेको बताएकी छन्।




उनका अनुसार नगरप्रमुख प्रयुक्त चौहानको एकल निर्णयमा प्रमुख प्रशासकीय अधिकृत र लेखापालको मिलेमतोमा उक्त रकम अपारदर्शी रूपमा खर्च भएको हुन सक्ने आशंका छ। सशर्त अनुदानमार्फत आएको ठूलो रकमसमेत पारदर्शी रूपमा प्रयोग नभएको देखिएको उनको भनाइ छ।

उपप्रमुख ठाकुरले नगरपालिकाभित्र करिब ११ महिनादेखि कर्मचारीहरूले तलब नपाएको, जनप्रतिनिधिहरूले भत्ता नपाएको तथा ठेकेदारहरूको भुक्तानीसमेत रोकिएको अवस्था रहेको बताएकी छन्। यसले नगरको प्रशासनिक तथा आर्थिक व्यवस्थापन पूर्ण रूपमा अस्तव्यस्त बनेको उनको दाबी छ।

उनले नगरप्रमुखले सामूहिक निर्णय प्रक्रिया बेवास्ता गर्दै एकल रूपमा आर्थिक निर्णयहरू लिँदै आएको आरोप पनि लगाएकी छन्, जसले सुशासन र पारदर्शितामाथि गम्भीर प्रश्न उठाएको छ।

यसैबीच, युवा संघ नेपाल पर्साका सचिव राकेश महतोले एक महिना अघि नै आय–व्यय विवरण सार्वजनिक गर्न माग गर्दै निवेदन दिएका थिए। तर कुनै पहल नभएको भन्दै असन्तुष्टि बढिरहेको छ। नगरपालिकामा देखिएको आर्थिक अनियमितताबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि पटक–पटक छानबिन गरेको बताइए पनि ठोस नतिजा नआएको स्थानीयको गुनासो छ।

लामो समयदेखि जारी आर्थिक विवाद, कर्मचारीको तलब रोकिएको अवस्था र ठेकेदार भुक्तानी नहुँदा नगरपालिकाको सेवा प्रवाह समेत प्रभावित भएको छ। यद्यपि, नगरप्रमुख तथा सम्बन्धित अधिकारीहरूले यस विषयमा हालसम्म कुनै औपचारिक प्रतिक्रिया दिएका छैनन्।

## ओभरलोड मालबाहक सवारीविरुद्ध निगरानी कडा



**मधेशदृष्टि**
**पथलैया।**
पथलैया क्षेत्रमा ट्राफिक प्रहरीले ओभरलोड मालवाहक सवारीसाधनविरुद्ध निगरानी कडा बनाएको छ। क्षमताभन्दा बढी सामान बोकेर सञ्चालन हुने सवारीलाई लक्षित गर्दै सुरु गरिएको अभियानअन्तर्गत दुई दिनमै ६ वटा गाडी कारबाहीमा परेका छन्।

नेपाल राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका अनुसार उक्त कारबाहीबाट १ लाख ४५ हजार रुपैयाँ राजस्व संकलन गरिएको छ। कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक वकिलबहादुर सिंहले अब ओभरलोड सवारीलाई सामान्य जरिवानामा छोड्ने अभ्यास अन्त्य गरिएको बताए।

उनका अनुसार यस्ता सवारीलाई सिधै यातायात व्यवस्था कार्यालय बीरगन्ज पठाई कडा कारबाही गर्ने व्यवस्था लागू गरिएको छ। साथै, मधेश प्रदेशभरका मातहत कार्यालयलाई समेत ओभरलोड नियन्त्रणमा सक्रिय हुन निर्देशन दिइएको उनले जानकारी दिए।

कार्यालयका तथ्यांकअनुसार चालु आर्थिक वर्षको वैशाख १० गतेसम्म २६५ ओभरलोड सवारी कारबाहीका लागि सिफारिस भइसकेका छन्, जसबाट ४० लाख रुपैयाँभन्दा बढी राजस्व संकलन भएको छ।

## वीरगंज–१० स्थित रक्तदान कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका वडा नम्बर १० को वडा कार्यालयले शनिबार रक्तदान कार्यक्रममा सम्पन्न गरेको छ। सो अवसरमा ३९ जनाले रगत दान गरेका छन्। घडिअर्वा स्पोर्ट्स क्लब र पशुपति आदर्श क्लबको सहयोगमा वडामा आयोजित रक्तदान कार्यक्रममा २ महिलासहित ३९ जनाले रगत दान गरेका हुन्।

पर्सा क्षेत्र नं. २ का सांसद सुशील साह कानुले रगत दान गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए। रक्तदान गर्नेहरूमा सन्तोष कानु, लखनलाल गुप्ता, जितेन्द्र सर्राफ, डा. उमेश कुशवाहा, अमृत नगरकोटी, राजबाबु गुप्ता, रोशन कुर्मीलगायतका छन्। वीरगंज–१० का कार्यवाहक वडाध्ध्यक्ष सन्तोष जैसीको अध्यक्षतामा भएको रक्तदान कार्यक्रममा वीरगंज–१० का बासिन्दालाई आवश्यक पर्दा रक्त सञ्चार केन्द्रबाट निःशुल्क रगत उपलब्ध गराउने विषयमा नेपाल रेडक्रस सोसाइटी पर्सा शाखा र वडा नम्बर १० को वडा कार्यालयबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

रक्त सञ्चार केन्द्रबाट रगत लिन जाँदा त्यसबापत लाग्ने शुल्क वडा कार्यालयले व्यवहोर्ने गरि सम्झौता भएको नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाका प्रतिनिधि राजन श्रीवास्तवले जानकारी दिए।

## निजगढ फुटबल क्लबद्वारा परवानीपुर गोल्डकपको उपाधि कब्जा



**मधेशदृष्टि**
**परवानीपुर।**
पाँचौं परवानीपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि निजगढ फुटबल क्लबले आफ्नो नाममा लेखाएको छ। शनिबार सम्पन्न रोमाञ्चक फाइनलमा आयोजक शक्ति युवा क्लबलाई ३–० गोलले पराजित गर्दै निजगढले उत्कृष्ट प्रदर्शनका साथ ट्रफी उचालेको हो।

परवानीपुर खेल मैदानमा भएको निर्णायक खेलको पहिलो हाफ गोलरहित बराबरीमा टुंगिएको थियो। तर दोस्रो हाफ सुरु भएसँगै निजगढले आक्रामक खेल प्रस्तुत गर्दै खेलमा पकड जमायो। खेलको ५६औँ मिनेटमा शन्तबहादुर गुरुङले पहिलो गोल गर्दै टोलीलाई अग्रता दिलाए। त्यसको मात्र तीन मिनेटपछि उनले व्यक्तिगत दोस्रो गोल गर्दै स्कोर २–० पु¥याए।

खेलको अन्त्यतिर थपिएको अतिरिक्त समयमा सृजन क्षेत्रीले अर्को गोल थपेपछि निजगढको जित सुनिश्चित भएको थियो। उत्कृष्ट प्रदर्शन गरेका शन्तबहादुर गुरुङ 'म्यान अफ द म्याच' घोषित भए। उनले नगद २१ सय रुपैयाँसहित शिल्ड र प्रमाणपत्र प्राप्त गरे। प्रतियोगितामा उत्कृष्ट प्रशिक्षकको उपाधि सन्तोष गुरुङले जित्दा बेस्ट गोलकिपर युनिस चौधरी, बेस्ट फरवार्ड बिक्रम थोकर र बेस्ट मिडफिल्डर अजित चौधरी घोषित भए। यसैगरी सन्दीप यादव 'म्यान अफ द सिरिज' बन्न सफल भए, उनले नगद ५१ सय रुपैयाँसहित शिल्ड र प्रमाणपत्र हात पारे।

उपाधि विजेता निजगढ फुटबल क्लबले नगद २ लाख रुपैयाँसहित शिल्ड र प्रमाणपत्र प्राप्त गरेको छ। उक्त पुरस्कार रामक्षत्री प्रसाद कुर्मीले वितरण गरेका थिए। उपविजेता शक्ति युवा क्लबले नगद १ लाख रुपैयाँसहित शिल्ड र प्रमाणपत्र प्राप्त गरेको थियो, जुन राधाकृष्ण साह रौनियारले प्रदान गरेका थिए।

प्रतियोगिताका संयोजक संजय मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लब अध्यक्ष सुबोध श्रीवास्तवले स्वागत मन्तव्य राखेका थिए भने विभिन्न विधाका पुरस्कार हेमन्त चौरसीयाले वितरण गरेका थिए।

## नौ महिनामा पेट्रोलियम पदार्थ आयातः

# ६० अर्ब ३८ करोड राजस्व संकलन



**मधेशदृष्टि**
**वीरगंज।**
चालु आर्थिक वर्षको प्रथम नौ महिनामा पेट्रोलियम पदार्थ आयातबाट रु ६० अर्ब ३८ करोड राजस्व संकलन भएको छ।

गत आवको सोही अवधिमा रु ५७ अर्ब ५३ करोड राजस्व प्राप्त भएको थियो।

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार वीरगंज नाकाबाट उक्त अवधिमा रु एक खर्ब ४८ अर्ब १६ करोड बराबरका पाँच किसिमका पेट्रोलियम पदार्थ आयात गरेर उक्त रकम राज्यकोषमा दाखिला भएको हो।

उक्त अवधिमा आठ लाख आठ हजार सात सय ४५ किलोलिटर डिजेल, तीन लाख ५९ हजार आठ सय ४६ किलोलिटर पेट्रोल २२ करोड ४८ लाख ७५ हजार दुई सय ६६ किलोग्राम एलपी ग्यास आयात भएको छ।

## ठोरी स्थित आँखा उपचार केन्द्रको बार्षिकोत्सव सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज।**
भरतपुर आँखा अस्पतालको शाखाको रुपमा रहेको ठोरी गाउँपालिका –२ मा स्थित ठोरी आँखा उपचार केन्द्रको १२ औं वार्षिकोत्सब सम्पन्न भएको छ।

नेपाल नेत्र ज्योति संघ चितवनका निवर्तमान सभापति कृष्णराज धरेलको अध्यक्षतामा सम्पन्न वार्षिकोत्सब कार्यक्रममा मधेश प्रदेश सरकारका वन तथा वातावरण मन्त्री शंकरप्रसाद चौधरी रहेका थिए। मन्त्री चौधरीले ठोरीको विकासमा मधेश सरकारले गर्न सक्ने विकासका सम्भावनाहरुलाई स्थलगत अध्ययन गराउने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा ठोरी गाउँपालिकाक उपाध्यक्ष गोकुली कुमारी रेग्मी, नेपाल नेत्रज्योति संघका केन्द्रीय सल्लाहकार बामदेव खनाल, भरतपुर आँखा अस्पतालका संस्थापक सचिव प्रभात कुमार जोशी, समावि ठोरीका प्रधानाध्यापक महेन्द्र प्रसाद उपाध्याय, चोकबजार बजार व्यवस्थापन समितिका अध्यक्ष कामोध्या प्रसाद चौधरी लगायतका वक्ताहरुले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

## सम्पादकीय

# व्यवस्थित सहर र नागरिक दायित्व

काठमाडौँका नदी किनारदेखि तराईका बारा र पर्साका सडक किनारसम्म यतिबेला सार्वजनिक जग्गा र सडक सीमा मिचेर बनाइएका सुकुम्बासी बस्ती तथा भौतिक संरचना हटाउने अभियानले तीव्रता पाएको छ । काठमाडौँको थापाथली क्षेत्रमा वर्षौँदेखि जकडिएको सुकुम्बासी समस्या सुल्झाउन प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा राज्य संयन्त्र सक्रिय देखिएको छ भने बारा र पर्सामा सडक डिभिजनले सडक विस्तारका लागि डोजर चलाइरहेको छ । लामो समयदेखि राजनीतिक संरक्षण र कानूनी जटिलताका कारण रोकिएका यस्ता कार्यहरूले अहिले गति लिनुले राज्यको उपस्थिति र कानूनी शासनको पुनर्बहालीको संकेत गरेको छ।

यसपटकको अभियानमा सबैभन्दा उल्लेखनीय पक्ष भनेको जनताको प्रतिक्रिया र व्यवहारमा देखिएको परिवर्तन हो। विगतमा सुकुम्बासी बस्ती हटाउन खोज्दा हुने उग्र प्रतिवाद, ढुङ्गामुढा र तनावको तुलनामा अहिले धेरै ठाउँमा जनता स्वतःस्फूर्तरुपमा आफ्ना घर–टहरा र संरचना खाली गर्न तयार देखिएका छन् । वीरगंज र अन्य क्षेत्रमा सडक सीमाभित्रका संरचनाहरू नागरिक आफैँले भत्काउन सहयोग गर्नुले विकास र समृद्धिका लागि नियमको पालना अनिवार्य छ भन्ने चेतना जनस्तरमा फैलिएको पुष्टि गर्दछ । यो दृश्यले नेपाली समाजमा कानूनी साक्षरता र नागरिक जिम्मेवारीको नयाँ लहर आएको आभास दिलाउँछ।

जनतामा देखिएको यो 'स्वतःस्फूर्तता' लाई केवल कारबाहीको डरका रूपमा मात्र बुझ्नु अपुरो हुनेछ । वास्तवमा, यो नेतृत्वप्रतिको बढ्दो भरोसा र विकासप्रतिको तीव्र चाहनाको परिणाम हो । जब नागरिकले आफ्नो नेतृत्व निष्पक्ष, दृढ र परिणाममुखी भएको महसुस गर्छन्, तब उनीहरू व्यक्तिगत क्षति सहेर पनि सार्वजनिक हितका लागि त्याग गर्न तयार हुन्छन् । बालेन शाहको कार्यशैलीले 'नियम सबैका लागि बराबर हुन्छ' भन्ने सन्देश दिएका कारण जनतामा एक प्रकारको सद्भाव र सहयोगको भावना पैदा भएको देखिन्छ । यसलाई डरभन्दा पनि 'राज्यप्रतिको विश्वास' भन्नु बढी सान्दर्भिक हुन्छ।

यद्यपि, बस्ती हटाउने यो प्रक्रियामा मानवीय संवेदनशीलतालाई नजरअन्दाज गर्न मिल्दैन । सार्वजनिक जग्गाको संरक्षण गर्ने बहानामा वास्तविक भूमिहीन र विपन्न परिवारहरू सडकमा अलपत्र पर्नु हुँदैन। सरकारले 'अतिक्रमणकारी' र 'वास्तविक सुकुम्बासी' बीचको स्पष्ट पहिचान गरी भूमिहीनका लागि सुरक्षित आवास र उचित व्यवस्थापनको सुनिश्चितता गर्नुपर्छ । काठमाडौँ र बारा–पर्साका उदाहरणहरूलाई देशव्यापी बनाउँदै गर्दा सुकुम्बासी समस्याको दीर्घकालीन र वैज्ञानिक समाधान खोज्नु नै राज्यको मुख्य चुनौती र दायित्व दुवै हो।

अन्ततः, सहरलाई सुन्दर, व्यवस्थित र खुला बनाउने अभियानमा देखिएको जनसहभागितालाई राज्यले एउटा अवसरको रूपमा लिनुपर्छ । विकासका योजनाहरू सफल हुन प्राविधिक तयारी मात्र पर्याप्त हुँदैन, त्यसमा नागरिकको अपनत्व र सहयोग पनि उत्तिकै आवश्यक हुन्छ । अहिले देखिएको नेतृत्वको दृढता र जनताको सद्भावको यो दुर्लभ संयोगलाई उपयोग गर्दै सबै स्थानीय तहले आफ्नो भूगोलमा सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थित सहरीकरणको मार्गचित्र कोर्न ढिला गर्नु हुँदैन । कानूनी शासनको यो यात्राले नै समृद्ध नेपालको जग बसाल्नेछ।

# भूकम्पको एक दशकः भत्किएका संरचना पुनर्निर्माणको प्रतीक्षामा

–प्रगति ढकाल

बिर्सन खोज्दा पनि बिर्सन सकिँदैन वैशाख १२ लाई । हरेक वर्ष आउने वैशाख १२ नेपाली समाज एकैपटक अतीतमा फर्किन्छ । विसं २०७२ को भूकम्पको सम्झनाले एक पटक झस्काउँछ।

भूकम्प भएको एक दशक बिते पनि घाउ निको भएको छैन । राजधानीका गल्ली–गल्लीमा, पहाडी गाउँका पाखा–पखेरामा, अझै भत्किएका आवास ठडिन सकेको छैन । जहाँ घरभन्दा धेरै सम्झनाहरू ढलेका थिए । दशक बित्दा पनि पुनर्निर्माणको पर्खाइमा नै छन् नेपालीहरु।

भूकम्पले भत्किएका निजी आवास, विद्यालय, पुरातात्विक भवन तथा विभिन्न सरकारी भवनहरुको पुनर्निर्माणकै क्रममा छन् । विसं २०७२ वैशाख १२ गते शनिबार बिहान ११:५६ बजे गोरखाको बारपाक केन्द्रविन्दु भएको ७।६ रेक्टर स्केलको भूकम्प जाँदा आठ हजार ९७९ जनाले ज्यान गुमाएका थिए । उक्त भूकम्पमा परी २२ हजार ३०९ घाइते भएका थिए।

भूकम्पले करिब १० लाख निजी आवास, सात हजार ५५३ विद्यालय, ४९ हजार ६८१ कक्षाकोठा, ५४४ स्वास्थ्य संस्थामा पूर्ण क्षति, ६५३ स्वास्थ्य संस्थामा आंशिक क्षति भएको थियो।

यसैगरी ४१५ सरकारी भवन, विश्व सम्पदा क्षेत्रका १७० सम्पदासहित ९२० सांस्कृतिक सम्पदा र सुरक्षा निकायका ३८३ भवनमा क्षति पुगेको थियो । तीन हजार २१२ खानेपानी संरचना, ५३ सडक र २९९ मानव बस्तीमा क्षति पुगेको थियो।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको कार्यान्वयन एकाइ ९भवन तथा आवास० तथा त्यसअन्तर्गतका निकायहरुबाट सम्पादन भएका आयोजनाहरुको विवरण सार्वजनिकसमेत गरेको छ । एकाइका इन्जिनियर किशोरविक्रम शाहीका अनुसार निजी आवास पुनर्निमाणतर्फ आठ लाख ३५ हजार १८५ लाभग्राही पहिचान भएकोमा आठ लाख ३४ हजार २६७ ले पहिलो किस्ता प्राप्त गरेका छन्।

पहिलो किस्ता प्राप्त गर्नेमध्ये सात लाख ७० हजार ७७४ (९२.४%) ले दोस्रो किस्ता र सात लाख ४४ हजार ४५ (८९.२%) ले तेस्रो किस्ताबापतको अनुदान रकम प्राप्त गरेको उनको भनाइ छ । एकाइले यस वर्षसम्म ९९ प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य राखे पनि करिब ८९ प्रतिशत मात्रै पुनर्निर्माणको कार्य सकिएको छ।

एकाइले निजी आवास पुनर्निर्माणअन्तर्गत भुक्तानी प्रक्रिया पूर्ण रूपमा अगाडि बढाउन नसक्नुका कारणबारे पनि स्पष्ट पारेको छ । एकाइ प्रमुख झप्परसिंह विश्वकर्माका अनुसार प्रारम्भिक चरणमा पहिचान भएका सबै लाभग्राहीले तोकिएको समयभित्र सम्बन्धित सरकारी निकायमा निवेदन नदिँदा भुक्तानी प्रक्रिया अधुरो रहन पुगेको बताए।

'विसं २०७९ असार मसान्तसम्म हाम्रा कार्यालयमा निजी आवास निर्माण सम्पन्न गरेको भन्दै निवेदन दिने लाभग्राहीलाई भुक्तानी गरिएको छ,' उनले भने, 'यसरी तोकिएको अवधिभित्र रीतपूर्वक निवेदन दिने सेवाग्राहीको हकमा कुनै समस्या आएन । तर केही लाभग्राही सो अवधिसम्म पनि जिल्ला कार्यालयमा सम्पर्कमा नआएकाले सबैलाई समेटेर भुक्तानी गर्न सकिएको छैन।'

विश्वकर्माका अनुसार सुरुमा दर्ता भएका कतिपय लाभग्राही अझैसम्म सम्पर्कमा नआउँदा उनीहरूको भुक्तानी प्रक्रिया अघि बढ्न नसकेको हो । साथै, एकीकृत बस्ती निर्माण गर्ने योजनाअन्तर्गत केही स्थानमा जग्गा प्राप्तिमा देखिएको समस्याले पनि पुनर्निर्माण कार्य ढिला भएको विश्वकर्माले बताए।

सरकारले पुनर्निर्माणलाई तीव्रता दिने प्रयास गरे पनि प्रशासनिक प्रक्रिया, लाभग्राहीको सहभागिता र जग्गा व्यवस्थापनजस्ता चुनौतीका कारण कार्यान्वयनमा ढिलाइ भइरहेको देखिएको छ।

सरकारले भूकम्पपछिको पुनर्निर्माणलाई प्राथमिकतामा राखे पनि कार्यान्वयन तहमा देखिएका यस्ता चुनौतीका कारण अझै निजी आवास निर्माण कार्य सम्पन्न हुन बाँकी रहेको एकाइले जनाएको छ।

सरकारले उपलब्ध गराएको रु तीन लाख अनुदानले निजी आवास निर्माणको काम सम्पन्न नहुने र थप लगानीका लागि क्षमता नहुने सर्वसाधारणले ढिलो निर्माण कार्य थालनी गरेकोले पनि समय लागेको एकाइले जनाएको छ।

एकाइका अनुसार विभिन्न जिल्लाहरुमा भूकम्पपश्चात् आंशिक क्षति भई मर्मत गरिएका सरकारी भवन संख्या २५३ रहेका छन् । विभिन्न जिल्लाहरुमा भूकम्पपश्चात् सरकारी कार्यालयहरु सञ्चालन गर्नको लागि निर्माण भएका नमूना संख्या २८८ भने रहेका छन्।

विभिन्न १० जिल्लाहरु भूकम्पपश्चात् अस्थायी रुपले बसोबास गर्नको लागि बनाइएको सामुदायिक भवनको संख्या ७५६ परिवारका लागि निर्माण गरिएकोमा ५० वटा (हात विभिन्न उद्देश्यका लागि प्रयोग भइरहेको) एकाइले जनाएको छ।

सरकार तथा एसियाली विकास बैंकको सहयोगमा सम्पन्न सरकारी भवनहरुको संख्या १५१ रहेको छन् । भवन प्रवलीकरणतर्फ कूल ११ वटा राणाकालीन भवनमा आठ वटा सम्पन्न तीन वटाको प्रवलीकरण कार्य भइरहेको छ । भारतको सहयोगमा संरक्षण तथा पुनर्निर्माण भइरहेका पुरातात्विक सम्पदा आयोजना संख्या २८ छ।

यसैगरी, निर्माणाधीन आयोजना १२ वटा छन्भने एकीकृत बस्ती विकासतर्फ विभिन्न जिल्लामा ९७ वटा आयोजना सम्पन्न भइसकेका छन् । भूकम्पपछि एक हजार १२६ वटा स्वास्थ्य भवन निर्माण भएका छन्।

महालेखापरीक्षकको ६२ औँ वार्षिक प्रतिवेदनले भूकम्पबाट क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण सम्पन्न गरी विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरणको लागि २०७२ सालको भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्ला आयोजनाका कार्यक्षेत्र थिए।

प्रतिवेदनमा भूकम्पका कारण क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण, विस्थापित भएकाहरुको पुनर्वास तथा स्थानान्तरणको काम प्रभावकारी रुपमा नभएको औँल्याइएको छ।

प्रतिवेदनमा भनिएको छ, 'निजी आवास पुनर्निर्माणतर्फ आठ लाख ३४ हजार ८२१ जनासँग सम्झौता भएकोमा रु दुई खर्ब ३१ अर्ब ६१ करोड र प्रवलीकरणतर्फ ३३ हजार ९०५ जनासँग सम्झौता भएकोमा रु एक अर्ब ७४ करोड ३१ लाखसमेत रु दुई खर्ब ३३ अर्ब ३५ करोड खर्च गरेको छ।'

विसं २०८१ असार मसान्तसम्म पुनर्निर्माणतर्फ प्रथम किस्ता ५५८, दोस्रो किस्ता ३७५, तेस्रो किस्ता एक हजार ५४८ लाभग्राही र प्रवलीकरणतर्फ दोस्रो तथा अन्तिम किस्ता १ हजार ७२ लाभग्राहीलाई रु २९ करोड २५ लाख रकम भुक्तानी गर्न बाँकी रहेको भन्दै प्रतिवेदनले अनुदान सम्झौतापछि पहिलो, दोस्रो तथा अन्तिम किस्ता नलिएका लाभग्राहीको अनुगमन गरी अनुदान रकमको सदुपयोग भएको सुनिश्चितता हुनुपर्ने सुझाव दिएको छ।

भूकम्पपछिको पुनर्निर्माणमा नीतिगत अन्योल, निर्माण व्यवसायीको भूमिका र लाभग्राहीको आर्थिक क्षमतासमेत प्रमुख अवरोध बनेको पूर्वाधार क्षेत्रका जानकार बताउँछन् । यस क्षेत्रका जानकार गजेन्द्र थपलियाले 'पुनर्निर्माण गर्ने कि पुनःनिर्माण गर्ने' भन्ने नीतिगत स्पष्टताको अभावका कारण सुरुदेखि नै कार्यान्वयनमा अन्योल देखिएको र जसले समग्र प्रक्रिया प्रभावित बनाएको बताउनुभयो । 'कतिपयले किस्ताबापत रकम लिएर पनि निर्माण कार्य अघि बढाएनन्, समयमै रकम लिन नआउने प्रवृत्तिले समेत समस्या थपिएको छ,' उनले भने।

उनले निर्माण लागत महँगो हुँदै जानु र धेरै लाभग्राहीको आर्थिक क्षमता कमजोर हुनु पनि पुनर्निर्माण ढिलाइको अर्को मुख्य कारण भएको बताए । 'सरकारले दिएको अनुदान मात्रै पर्याप्त नहुँदा धेरैले समयमै निर्माण सुरु गर्न सकेनन्,' उनले भने।

भूकम्पपछिको पुनर्निर्माणका लागि रकम जुटाउन आयोजित दाता सम्मेलनमा रु चार खर्बभन्दा बढीको घोषणा भए पनि घोषणाअनुरुप सहयोग प्राप्त भएन । गोरखा भूकम्पबाट ओखलढुङ्गा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, भक्तपुर, ललितपुर, काठमाडौँ, रसुवा, नुवाकोट, धादिङ, गोरखा र मकवानपुर गरी १४ जिल्लामा धेरै क्षति भएको थियो।

**भूकम्पीय जोखिम कायमैः**

विसं ०७२ को भूकम्पले धेरै पाठ सिकाए पनि नेपाल अझै भूकम्पीय जोखिमबाट मुक्त हुन नसकेको विज्ञहरूले बताएका छन् । खानी तथा भू–गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका प्रमुख डा लोकविजय अधिकारीका अनुसार भूकम्पपछिको दशकमा केही सुधार भए पनि पूर्वतयारी र जनचेतनामा अझै कमी रहेको छ । '२०७२ सालको भूकम्पले हामीलाई के गर्ने, के नगर्ने, कसरी सुरक्षित रहने भन्ने धेरै कुरा सिकायो,' उनले भने, 'तर त्यत्रो मानवीय क्षति हुँदासमेत हामी फेरि बिर्सने अवस्थामा पुग्छौँ कि भन्ने चिन्ता छ।'

मुलुकमा भूकम्पको जोखिम छ । विशेषगरी काठमाडौँदेखि चुरे क्षेत्रसम्म भूकम्पीय जोखिम उच्च रहेको उनले बताए । भूकम्पपछि भवन निर्माण आचारसंहिता कार्यान्वयनमा आएको, संरचना बलियो बनाउन चेतना बढेको र केही स्थानमा सुधार देखिए पनि अझै पूर्ण रूपमा मापदण्ड पालना भएको छैन।

'सरकारी भवनमा मापदण्ड लागू भए पनि निजी तथा स्थानीय तहमा कार्यान्वयन अझै पूर्ण छैन,' उनले भने, 'जनतामा चेतना बढेको छ तर त्यो पर्याप्त छैन।'

डा. अधिकारीले भूकम्पीय जोखिमबारे जनचेतना सीमित दिनहरूमा मात्र केन्द्रित हुने प्रवृत्तिप्रति पनि चिन्ता व्यक्त गरे । 'हामी वैशाख १२ जस्ता दिनमा मात्र सम्झिन्छौँ, तर जोखिम त सधैँ हुन्छ,' उनले भने । अधिकारीका अनुसार पाठ्यक्रममा भूकम्पीय शिक्षा समावेश नहुनु, नियमित अभ्यासको अभाव र पूर्वतयारीका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नहुनु मुख्य कमजोरी हुन् । 'भूकम्प अहिले नआउनु जोखिम घटेको होइन, बरु सधैँ जोखिम रहेको सङ्केत हो,' उनले भने।

उनले पूर्वतयारी, भूकम्पीय शिक्षा, खुला स्थानको संरक्षण र भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिनुपर्ने बताए । 'हामीले धेरै कुरा सिक्यौँ, तर अझै सिक्न बाँकी छ,' उनले भने, 'पूर्वतयारीलाई प्राथमिकता नदिए भविष्यमा जोखिम झन बढ्न सक्छ ।' उनी २०७२ पछि भूकम्पसम्बन्धी अध्ययन तथा अनुसन्धानमा केही प्रगति हुनु सकारात्मक ठान्छन् । रासस

# सुदूरपश्चिममा औलो सङ्क्रमणः निवारणको लक्ष्यप्राप्ति चुनौतीपूर्ण

–राजेन्द्रप्रसाद पनेरु

सुदूरपश्चिम प्रदेशमा औलोको ग्राफ पुनः बढ्न थालेको छ । निवारणको लक्ष्य नजिक पुगिसकेको अवस्थामा फेरि सङ्क्रमण बढ्दा स्वास्थ्य क्षेत्रमा गम्भीर चिन्ता र चुनौती थपेको छ । नेपालले सन् २०३० सम्म स्थानीय औलो (मलेरिया) शून्यमा झार्ने लक्ष्य लिएको भए पनि सुदूरपश्चिममा पछिल्लो अवस्थाअनुसार लक्ष्यप्राप्ति चुनौतीपूर्ण देखिएको छ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्याङ्कअनुसार प्रदेशभर कुल तीन सय ८७ जनामा औलो पुष्टि भएको छ । तीमध्ये तीन सय ७३ आयातित र १४ स्थानीय 'इन्डिजिनस) 'केस' रहेका छन् । यसले प्रदेशमा औलोको मुख्य स्रोत अझै बाह्य (आयातित) रहेको देखाउँछ, तर स्थानीयस्तरमै सङ्क्रमण देखिनु थप चिन्ताजनक पक्ष रहेको जानकारहरू बताउँछन्।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालय राजपुर डोटीका भेक्टर कन्ट्रोल अधिकृत हेमराज जोशीका अनुसार हालै प्रदेशका विभिन्न स्थानीय तहमा १५ जना स्थानीय औलोका बिरामी फेला परेका छन् । डडेलधुराको गन्यापधुरा गाउँपालिका–५ र परशुराम नगरपालिका–२, बैतडीको मेलौली नगरपालिका–२ र पञ्चेश्वर गाउँपालिका–२, कञ्चनपुरको बेलौरी नगरपालिका–२ तथा कैलालीको कैलारी गाउँपालिका–२ मा स्थानीय सङ्क्रमण देखिएको हो । जिल्लागत रूपमा हेर्दा सबैभन्दा बढी कैलालीमा दुई सय चार, कञ्चनपुरमा ५७, अछाममा ५१, डोटीमा ३१, बाजुरामा २२, डडेलधुरामा १२, बैतडीमा आठ र दार्चुलामा दुई जना औलोका बिरामी देखिएका छन्।

'सीमावर्ती जिल्ला कैलाली र कञ्चनपुरमा औलो सङ्क्रमणका बढी केस देखिनुले भारतसँगको खुला सीमा प्रमुख जोखिमका रूपमा देखिएको छ,' अधिकृत जोशीले भन्नुभयो, 'विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को मापदण्ड अनुसार कुनै देश वा क्षेत्रमा लगातार तीन वर्षसम्म स्थानीय औलो शून्य भए मात्र औलो निवारण प्रमाणपत्र प्राप्त हुन्छ । सो लक्ष्य नजिक पुगेको अवस्थामा सुदूरपश्चिममा देखिएको पुनः वृद्धिले समस्या पैदा गरेको छ।'

प्रजातिगत रूपमा औलो सङ्क्रमण अझ जटिल बन्दै गएको देखिन्छ । उपलब्ध विवरणअनुसार सुदूरपश्चिममा 'प्लाज्मोडियम भाइभ्याक्स'का सबैभन्दा बढी तीन सय २८ बिरामी देखिएका छन् । सबैभन्दा खतरनाक र घातक मानिने 'प्लाज्मोडियम फाल्सिपेरम'बाट प्रभावित बिरामी ५४ जना रहेका छन्।

'प्लाज्मोडिम ओभल'बाट प्रभावित तीन जना बिरामी देखिएका छन् । 'यस परजीविबाट औलो सङ्क्रमित बिरामी विरलै भेटिने गरेका छन्,' अधिकृत जोशीले भन्नुभयो, 'धेरैजसो अफ्रिकी मुलकमा पाइन्छन्, सुदूरपश्चिममा यसका केसहरु देखिनु यी बिरामी अफ्रिकी मुलकबाट आएका हुन सक्छन् ।' 'प्लाज्मोडियम मिक्सड इन्फेक्सन' भएका दुई जना बिरामी देखिएका छन् । एकभन्दा बढी औलोका परजीवीले एकै साथ आक्रमण गर्छन् भने त्यसलाई 'मिक्स' सङ्क्रमण भन्ने गरिन्छ।

सुदूरपश्चिममा औलो पुनः बढ्नुका पछाडि बहुआयामिक कारणहरू छन् । 'आयातित औलोको समयमै पहिचान हुन नसक्नु, राज्यका सीमित स्रोतसाधनका कारण प्रभावकारी नियन्त्रण कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुनु र जलवायु परिवर्तनका कारण लामखुट्टेको बासस्थान हिमाली क्षेत्रसम्म विस्तार हुनु प्रमुख कारणका रुपमा रहेका छन्,' अधिकृत जोशीले भन्नुभयो।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा खगेन्द्र बमका अनुसार संयुक्त राष्ट्रसङ्घको शान्ति मिसनमा अफ्रिकी मुलुक गएका सुरक्षाकर्मी तथा भारतका विभिन्न सहरमा मौसमी काम गरेर फर्किने श्रमिकमा आयातित औलो बढी देखिन्छ।

आयातित औलोको समयमै पहिचान हुन नसक्नु, राज्यको सीमित स्रोतसाधनका कारण गहन तरिकाले औलो निवारण गतिविधि सञ्चालन हुन नसक्नु, जलवायु परिवर्तनका कारण लामखुट्टेको उपस्थिति तराइ, पहाड हुँदै हिमाली जिल्लासम्म पुग्नु र लामखुट्टे नियन्त्रणका लागि अत्याधुनिक साधन प्रयोग हुन नसक्नुले औलोको जोखिम बढ्दै गएको उहाँको भनाइ छ।

'चुनौतीका बीच औलो नियन्त्रणका लागि पहल तीव्र पारेका छौँ । सुदूरपश्चिममा कीट विज्ञान प्रयोगशाला सञ्चालनमा रहेको छ, जहाँ लामखुट्टेको अध्ययन, कीट अनुसन्धानको कार्य निरन्तर रुपमा भइरहेको छ,' उहाँले भन्नुयो, 'कीटनाशकको प्रभावकारिता परीक्षण तथा अनुसन्धान कार्य भइरहेको छ, यसका साथै स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि, निगरानी प्रणाली सुदृढीकरण, रणनीति कार्यान्वयन तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन्।'

स्वास्थ्य विज्ञहरूका अनुसार अबको प्राथमिकता आयातित केसहरूको कडाइका साथ निगरानी, सीमामा स्वास्थ्य जाँच सुदृढीकरण, स्थानीय तहमा सक्रिय खोजपड्ताल र जनचेतना विस्तार हुनुपर्छ । साथै, जलवायु परिवर्तनका असरलाई मध्यनजर गर्दै लामखुट्टे नियन्त्रणका आधुनिक प्रविधि प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ।

साथै नागरिक तहमा सचेतना अत्यन्त महत्त्वपूर्ण रहेको स्वास्थ्यकर्मीहरूको भनाइ छ । झुलको नियमित प्रयोग, पानी जम्ने स्थान हटाउने, लामखुट्टेको टोकाइबाट बच्ने र ज्वरो आएमा तुरुन्त स्वास्थ्य परीक्षण गराउने बानीले औलो नियन्त्रणमा ठूलो योगदान पु¥याउन सक्ने कञ्चनपुरको शुक्लाफाँटा स्वास्थ्य शाखाका प्रमुख परमानन्द भट्ट बताउनुहुन्छ।

'सुदूरपश्चिम प्रदेश औलो निवारण लक्ष्य नजिक पुगे पुनःजोखिमतर्फ उन्मुख देखिनुलाई चुनौतीका रुपमा लिनुपर्छ,' उहाँ भन्नुहुन्छ, 'समयमै प्रभावकारी कदम चाल्न सके औलोमुक्त नेपालको लक्ष्य हासिल गर्न सम्भव छ, तर ढिलाइ भएमा अहिलेको अवस्था ठूलो स्वास्थ्य सङ्कटमा रूपान्तरण हुन सक्छ।'

औलो मुख्यतया 'एनोफिलिज' जातका सङ्क्रमित लामुखुट्टेको टोकाइबाट सर्ने परजीवीका कारण हुने एक प्रकारको सरुवा रोग हो । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार, नेपाल औलो निवारण उन्मुख अवस्थामा रहेको छ । विगत १० वर्षमा स्थानीय औलोका बिरामीको संख्यामा करिब ९० प्रतिशतले कमी आएको छ।

हाल वार्षिक रुपमा स्थानीय औलोका बिरामीहरु ५० प्रतिशतभन्दा कममा सीमित भएका छन् । यद्यपि, यसलाई शून्यमा झार्न चुनौती छ । देशभरमा औलोका बिरामीको संख्या एक हजार १६४ रहेको छ, जसमा स्थानीय ३९ र आयातिति औलोबाट सङ्क्रमित एक हजार १२४ रहेका छन् । यसैबीच आज विश्व औलो दिवस २०२६ मनाइँदै छ । यसवर्षको औलो दिवसको नारा 'औलो अन्त्य हाम्रो सङ्कल्पः सक्षम छौँ, छैन अब विकल्प' भन्ने रहेको छ । रासस

# भूकम्पीय जोखिम न्यूनीकरणका प्रभावकारी उपाय अपनाउन जरुरीः राष्ट्रपति



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले आम जनमानसमा भूकम्पीय जोखिम न्यूनीकरणका प्रभावकारी उपाय, पूर्व तयारी, प्रतिकार्य र सोबाट बच्ने सुरक्षात्मक उपायसम्बन्धी जनचेतना फैलाउनुपर्ने आवश्यकता औँल्याएका छन् ।

दसौँ भूकम्प स्मृति दिवसको सन्देश जारी गर्दै उनले भने, हाम्रो मुलुक प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका हुँदा आम जनमानसमा भूकम्पीय जोखिम न्यूनीकरणका प्रभावकारी उपाय, पूर्व तयारी, प्रतिकार्य र सोबाट बच्ने सुरक्षात्मक उपायसम्बन्धी जनचेतना फैलाउनु पनि उत्तिकै जरुरी रहेकोले यसतर्फ सम्बन्धित निकायको ध्यान जान जरुरी छ ।

राष्ट्रपति पौडेलले गोरखा जिल्लाको बारपाक केन्द्रबिन्दु भई विसं २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पमा परी ज्यान गुमाउनु हुने सबै दिदीबहिनी तथा दाजुभाइको स्मरण गर्दै उनीहरूप्रति श्रद्धासुमन पनि अर्पण गरेका छन् ।

सन्देशमा भनिएको छ, 'भूकम्प एक प्राकृतिक विपत् हो । प्रत्येक वर्ष बढ्दै गएको सहरीकरणले गर्दा पनि भूकम्पीय जोखिमलाई बढाउँदै लगेको छ, भूकम्पलाई रोक्न नसके पनि यसबाट हुनसक्ने सम्भावित जोखिमबाट भने आफूलाई जोगाउन सकिन्छ ।'

नेपालको भौगोलिक अवस्थिति र बनावट तथा मानव निर्मित भौतिक संरचना भूकम्पीय जोखिमका प्रमुख कारण रहेकाले सुरक्षित निर्माण र सतर्कताका अभियानमा निरन्तर लागि रहनुपर्ने उनको भनाइ छ ।

नवनिर्मित एवम् पुननिर्मित भौतिक संरचनामा हाम्रो मौलिकता झल्किनुका साथै भूकम्प प्रतिरोधात्मक प्रविधिको प्रयोग हुनु पर्ने उल्लेख गर्दै उनले भूकम्पबाट ध्वस्त भएका भौतिक संरचनाको पुनः निर्माण तथा पुनः स्थापनाका कार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पु¥याउनु हुने सबैलाई सन्देशमा धन्यवाद दिएका छन् । रासस

# चीन र भारतका राजदूतसँग ऊर्जा सहकार्यबारे छलफल

## क्षेत्रीय ऊर्जा चुनौती समाधानमा जोड



**काठमाडौं ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङ र भारतका राजदूत नवीन श्रीवास्तवले शुक्रबार बेग्लाबेग्लै भेट गरेका छन् । चिनियाँ राजदूतसँगको भेटमा नेपाल र चीनबीच आपसी हितमा आधारित व्यावहारिक सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको यहाँस्थित चिनियाँ राजदूतावासले जनाएको छ ।

विशेषगरी क्षेत्रीय ऊर्जा चुनौतीलाई कसरी प्रभावकारी रूपमा सम्बोधन गर्ने भन्ने विषयमा दुवै पक्षबीच विचारविमर्श भएको थियो । साथै ऊर्जा र जलस्रोत क्षेत्रलाई आपसी सहयोगको महत्वपूर्ण आधारका रूपमा अघि बढाउँदै साझा समृद्धि र जनहितका लागि सहकार्यको प्रतिबद्धता व्यक्त भएको छ । त्यसैगरी, भारतका राजदूतसँगको भेटमा ऊर्जा तथा जलस्रोत क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको छ । छलफलमा नेपाल–भारतबीचको दीर्घकालीन साझेदारीलाई थप सुदृढ गर्दै दिगो विकास र क्षेत्रीय सम्पर्क सञ्जाल विस्तार एवं प्रवद्र्धन गर्ने साझा दृष्टिकोणमा जोड दिइएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ । उक्त मन्त्रालयका अनुसार आगामी दिनमा निरन्तर संवाद र सहकार्यमार्फत द्विपक्षीय साझेदारीलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त भएको थियो । रासस

## बागमती प्रदेश सभाः

# दलहरूबीच सहमति नहुँदा सभामुख चयन प्रक्रिया अन्यौल

**बागमती ।**
सत्तारुढ दलबीच सहमति नहुँदा बागमती प्रदेश सभाको सभामुख चयन प्रक्रिया अन्यौल बनेको छ । रिक्त सभामुख पदमा सत्तारुढ नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले दाबी नछाडेपछि सहमति कायम हुन सकेको छैन ।

बागमती प्रदेश सभाका सभामुख भुवनकुमार पाठकले जेन जेड आन्दोलन लगत्तै गत असोज १ गते सभामुख पदबाट राजीनामा दिएपछि सभामुख पद रिक्त भएको थियो । प्रदेश सभाको बैठक बसेको १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।



यही वैशाख ८ गते सभामुख चयनका लागि प्रक्रिया अघि बढाउने तयारी भए पनि दलहरूबीच सहमति नभएकाले ढिला भएको नेपाली काँग्रेस बागमती प्रदेशसभा संसदीय दलका सचेतक पुकार महर्जनले बताए । रिक्त सभामुख पदका लागि सत्तारुढ र प्रतिपक्ष दलहरूले दाबी गर्दै आएका छन् ।

प्रदेश सभाको सबैभन्दा ठूलो दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने दाबी गर्नु स्वभाविक भएको काँग्रेस बागमती प्रदेश सभा संसदीय दलका सचेतक पुकार महर्जनले बताए । एमालेले पनि सभामुखको दाबी गरिरहेको छ, हामीले सत्तारुढ दलको बीचमा सहमति कायम गरेर अघि बढ्न चाहिरहेका छौँ, उनले भने, "ठूलो दलको नाताले काँग्रेसलाई सभामुख दिनुपर्छ भन्ने हो । सत्तारुढ दलबीच सहमति गरेर अघि बढ्ने उनको भनाइ छ ।

अर्को सत्तारुढ दल एमालेले काँग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुख आफ्नो दलले पाउनुपर्ने दाबी गरेको छ । एमाले संसदीय दलका प्रमुख सचेतक एकालाल श्रेष्ठले काँग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै त्यसमा दुई दलबीच कुनै विवाद नरहेको उल्लेख गरे । प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दलबीच सहमति कायम गरेर सहमतिका आधारमा सभामुख चयन गर्न खोजेकाले केही ढिलाइ भएको उनको भनाइ छ ।

नेपाली कम्युनिष्ट पार्टीका नेता शालिकराम जम्कट्टेलले सरकार र सदनबीच सन्तुलन कायम राख्न प्रमुख प्रतिपक्ष दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने बताए । सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै उनले सत्तापक्षबीच सहमति नभए आफ्नो दलले सभामुखमा उम्मेदवारी दिने उल्लेख गरे ।

हामीले सत्तारुढ दललाई तपाईँ सरकार चलाउनुस्, सदनको नेतृत्व हामीलाई दिनुस् भनिरहेका छौँ, नेता जम्कट्टेलले भने, शक्ति सन्तुलनका लागि प्रतिपक्षको दाबी स्वभाविक हो, यसले एउटा राम्रो सन्देश जान्छ । सत्तारुढ दलबीच कुरा मिल्यो भन्ने ठिकै छ, नत्र हामीले उम्मेदवारी दिन्छौँ

राष्ट्रिय प्रजातन्त्र पार्टी (रास्वपा) ले सभामुखमा आफ्नो पार्टी पनि दाबी गरेको छ । राप्रपा संसदीय दलका नेता उद्धव थापाले आफ्ना पार्टीबाट सभामुख भएका पाठकले राजीनामा दिएकाले पुनः सभामुख आफ्नो दलले पाउनुपर्ने बताए । एक सय चार सदस्यीय बागमती प्रदेश सभामा नेपाली काँग्रेसको ३५, नेकपा एमालेका २५, नेपाली कम्युनिष्ट पार्टीको २६, राष्ट्रिय प्रजातन्त्र पार्टीको १३, नेपाल मजदुर किसान पार्टीका तीन र हाम्रो नेपाली पार्टीका दुई जना प्रदेशसभा सदस्य छन् । रासस

# कूटनीतिक आचरसंहिता पालनामा परराष्ट्रमन्त्रीको जोड



**काठमाडौँ ।**
परराष्ट्रमन्त्री शिशिर खनालले कूटनीतिक आचरसंहिता पालनामा जोड दिँदै परराष्ट्र सम्बन्ध र कूटनीतिक आचरणलाई व्यवस्थित गर्नेतर्फ वर्तमान सरकार क्रियाशील रहेको बताए । राष्ट्रिय स्वतन्त्र पार्टी तारकेश्वर नगरपालिका–१० ले शनिबार मनमैजुमा आयोजना गरेको कार्यक्रममा उनले कूटनीतिक आचरणमा प्रधानमन्त्री, मन्त्री र सार्वजनिक पद धारणा गरेका व्यक्ति सबैलाई समान रूपमा लागू गर्न आफूहरू लागिपरेको बताए । प्रधानमन्त्री, मन्त्रीलगायत सबैलाई कूटनीतिक आचरण समान रूपमा लागू गर्नका लागि हामीले तालिमको व्यवस्था गरेका छौँ, कूटनीतिक नियम सबैले पालना गर्नुपर्नेमा जोड दिँदै परराष्ट्रमन्त्री खनालले भने ।

फरक प्रसङ्गमा सरकारले सुशासन र आर्थिक समृद्धिको पक्षमा काम गरिरहेको उनले बताए । राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्रअनुसार सुशासन र समृद्धिका लागि सरकारले काम गरिरहेको उनले उल्लेख गरे । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाएर सरकार अगाडि बढिरहेको उनले बताए । रासस

# बालश्रमसम्बन्धी ऐनलाई कार्यान्वयनयोग्य बनाउन विभिन्न सुझाव पेस

**काठमाडौँ ।**
बालअधिकार, श्रमिक अधिकार र सामाजिक न्यायका क्षेत्रमा क्रियाशील नागरिक संस्थाहरूले बालश्रम अन्त्यका लागि बालश्रमसम्बन्धी ऐनलाई कार्यान्वयनयोग्य बनाउन आग्रह गरेका छन् ।

बालश्रम निषेध तथा नियमित गर्ने ऐन, २०५६ लाई प्रतिस्थापन गर्न तयार गरिएको विधेयक, २०८३ को मस्यौदामाथि सुझाव प्रस्तुत गर्दै ती संस्थाहरूले यस्तो आग्रह गरेका हुन् ।

विभिन्न १७ वटा नेटवर्क, बालश्रम विज्ञ, सातै प्रदेशमा कार्यरत एक सयभन्दा बढी सामाजिक संस्थाका प्रतिनिधिबीच बृहत्त छलफल गरी शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय उक्त सुझाव लिखित रूपमै हस्तान्तरण गरिएको राष्ट्रिय बाल संरक्षण सञ्जालका अध्यक्ष मधु गुरुङ जानकारी दिएका छन् ।

मन्त्रालयमा आयोजित एक कार्यक्रममा राष्ट्रिय कार्य समन्वय समितिका अध्यक्ष ऋतु भट्ट राई, राष्ट्रिय बाल संरक्षण सञ्जालका अध्यक्ष गुरुङ, सिएओ फोरम बागमती प्रदेश संयोजक एवं जिएनबी नेपालका अध्यक्ष प्रकाश खतिवडा र बाल सल्लाहकार परिषद्का अध्यक्ष धरिन्द्र बिसीलगायतले संयुक्त रूपमा सुझावपत्र हस्तान्तरण गरेका उनले बताएका छन् ।




मन्त्रालयले वेवसाइटमार्फत आमनागरिक तथा सरोकार भएकाहरूसँग सुझाव आह्वान गरेपछि देशभर बालश्रम क्षेत्रमा कार्यरत एक सयभन्दा बढी संस्थाका प्रतिनिधि, बालश्रमिक, पूर्वबाल श्रमिक र बालबालिकाको सहभागितामा व्यापक छलफल गरी मस्यौदामा सुझाव सङ्कलन गरिएको थियो, सञ्जालका अध्यक्ष गुरुङले भन्नुभयो, "दिगो विकास लक्ष्य ८ (७) का लागि नागरिक मञ्च, राष्ट्रिय बाल संरक्षण सञ्जाल तथा राष्ट्रिय कार्य समन्वय समूहको समन्वयमा सम्पन्न छलफलमा ट्रेड युनियन, अन्तरराष्ट्रिय संस्था तथा विकास साझेदारहरूको समेत सक्रिय सहभागिता रहेको थियो ।

जिएनबी नेपालका अध्यक्ष खतिवडाले १७ वटा नेटवर्क, बालश्रमका विज्ञ, सातै प्रदेशमा कार्यरत सामाजिक संस्था, ट्रेड युनियन तथा कार्पेट उद्योग, इँट्टाभट्टा, घरेलु श्रम र मनोरञ्जन क्षेत्रका बालश्रमिकसँग गरिएको विस्तृत परामर्शका आधारमा साझा सुझाव तयार पारिएको जानकारी दिएका छन् । उनले विधेयकलाई समयानुकूल, बालअधिकारमैत्री र कार्यान्वयनयोग्य बनाउन नागरिक समाजले एकीकृत रूपमा सुझाव दिएको बताएका छन् ।

राष्ट्रिय कार्य समन्वय समितिका अध्यक्ष भट्टराईले मस्यौदामा बालश्रम नियन्त्रण, अनुगमन संयन्त्र सुदृढीकरण, दण्ड व्यवस्था परिमार्जन तथा पीडित बालबालिकाको पुनस्र्थापना र सामाजिक सुरक्षा सुनिश्चितता जस्ता विषयलाई विशेष जोड दिएको बताए ।

बाल सल्लाहकार परिषद्का अध्यक्ष बिसीले सातै प्रदेशका बालश्रमिक तथा बाल क्लबमा आबद्ध बालबालिकाको आवाज सुझावपत्रमा समेटिएको उल्लेख गर्दै बालबालिकाको अनुभवका आधारमा कानुन निर्माण हुनु आवश्यक रहेको बताएका छन् । सुझावपत्र ग्रहण गर्दै सहसचिव आचार्य र उपसचिव शर्माले नागरिक संस्थाहरूले प्रस्तुत गरेका सुझावलाई मन्त्रालयले ऐनमा समेट्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । रासस

# सौर्य ऊर्जा उत्पादकलाई 'पिपिए' गर्न प्राधिकरणको आग्रह

**काठमाडौँ ।**
नेपाल विद्युत् प्राधिकरणले स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत् आयोजनालाई विद्युत् खरिद सम्झौताका लागि लागि सम्पर्क गर्न आउन आग्रह गरेको छ ।

प्राधिकरणले स्थानीय तहको कम्तीमा ५१ प्रतिशत साझेदारीमा निर्माण हुने एक मेगावाटसम्म जडित क्षमता भएका सौर्य विद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता गर्न लागेको छ । प्राधिकरणको २०८२ कात्तिक १९ को बैठकबाट सौर्य विद्युत् आयोजनाको बिजुली खरिद बिक्रीको सम्झौता गर्ने निर्णय गरेको थियो ।

स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत् आयोजनाको प्रतियुनिट चार रुपैयाँ ९९ कायम गरिएको छ । त्यस्ता आयोजनाबाट उत्पादित बिजुली खरिद बिक्री सम्झौता चालु आवको अन्त्यसम्म सम्पन्न गरिसक्ने निर्णय यसअघि नै भएको छ ।

प्राधिकरणको यही वैशाख २ गतेको निर्णयअनुसार, यसै महिनाको अन्तिमसम्म आवश्यक कागजातसहितको निवेदन दिन आग्रह गरिएको छ । आयोजनालाई प्राधिकरणको ३३र११ केभी क्षमताको ग्रीड वा वितरण सवस्टेशनमा जडान गरिनेछ । प्रवद्र्धकले अनुरोध गरेमा प्राधिकरणको ११ केभी वितरण लाइनमा आवश्यक व्यवस्थासहित जडान गरिने प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले विद्युत् खरिद सम्झौताका लागि निवेदन, कम्पनी दर्ताको प्रमाणपत्र, स्थानीय तहको कम्तीमा पनि ५१ प्रतिशत शेयर रहेको अद्यावधिक शेयर लगत विवरण, सञ्चालकको लगतसहितको विवरण पेस गर्नुपर्नेछ । कम्पनीको प्रबन्धपत्र, कम्पनीको नियमावली, कर चुक्ताको प्रमाणपत्र, बहाल रहेको विद्युत् सर्वेक्षणको अनुमतिपत्र, स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र, आयोजना निर्माण गर्ने जग्गाको लिज सम्झौता वा भोगाधिकार वा कम्पनीको नाममा भएको प्रमाणसहितको कागजात पेस गर्नुपर्नेछ ।

त्यस्तै, विद्युत् खरिद सम्झौताको मस्यौदा तथा विद्युत् खरिद बिक्री सम्झौतामा हस्ताक्षरमा हस्ताक्षर गर्न कम्पनीको तर्फबाट हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको अख्तियारीनामा पत्र र आयोजनाको निर्माण तालिकासहितको विवरण पेस गर्नुपर्ने प्राधिकरणले जनाएको छ । रासस

# नेपाल–बङ्गलादेश आर्थिक सहकार्य प्रवर्द्धनमा जोड



**काठमाडौँ ।**
बङ्गलादेशस्थित नेपाली दूतावासले शुक्रबार साँझ बङ्गलादेशको रङ्गपुरमा 'नेपाल–बङ्गलादेश सम्बन्धः आर्थिक सहकार्यको प्रवद्र्धन' विषयक कार्यक्रम आयोजना गरेको छ ।
कार्यक्रममा बङ्गलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारीले व्यापार, पारवहन, ऊर्जा, सम्पर्क सञ्जाल विस्तार, शिक्षा तथा पर्यटनलगायत क्षेत्रमा द्विपक्षीय सहकार्यका व्यापक सम्भावना रहेका उल्लेख गर्दै दुई देशबीचको आर्थिक साझेदारीलाई सुदृढ बनाउन व्यावसायिक सम्बन्ध विस्तारमा जोड दिए ।
कार्यक्रममा रङ्गपुरका अतिरिक्त जिल्ला मजिस्ट्रेट क्रिस्टोफर हिमाल रिचिल, रङ्गपुर मेट्रोपोलिटन चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका अध्यक्ष गुलाम जकारिया, रङ्गपुर चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका कार्यवाहक अध्यक्ष मञ्जुर अहमद तथा रङ्गपुर महिला चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजकी अध्यक्ष शाहनाज परविन शाहिनलगायत वक्ताले दुई देशका व्यावसायिक समुदायबीच सम्बन्ध सुदृढ गर्नुपर्नेमा जोड दिनुभएको ढाकास्थित नेपाली राजदूतावासले जनाएको छ ।
साथै उनीहरुले नेपाल–बङ्गलादेश आर्थिक साझेदारीलाई अझ अघि बढाउने उपायबारे विचार आदानप्रदान गरेका थिए । त्यस अवसरमा रङ्गपुरस्थित विभिन्न उद्योग वाणिज्य सङ्घ, व्यावसायिक संस्थाका प्रतिनिधि, ट्राभल एन्ड टुर' उद्यमी तथा सञ्चारकर्मीको उपस्थिति थियो । रासस

# पश्चिम नवलपरासीमा व्यावसायिक मेवाखेती सुरु



**नवलपरासी ।**
बर्दघाट सुस्ता पश्चिम नवलपरासीमा अग्र्यानिक मेवाखेतीबाट प्रशस्त आम्दानी हुने गरेको छ । सुस्ता गाउँपालिका–३ रैवा निवासी ४० वर्षीय अर्जुन सहानीले जिल्लामा व्यावसायिक रूपमा मेवाखेती सुरु गरी हालसम्म रु तीन लाख आम्दानी गरेका छन् ।
कोरियाको वैदेशिक रोजगारीबाट फर्किएपछि परिवारसँग मिलेर अग्र्यानिक मेवाखेती गर्न थालेको उनले बताए । उनले भने, 'कोरियाबाट मेवाखेतीसम्बन्धी तालिम लिएर नेपाल फर्किएपछि अहिले व्यावसायिक रूपमा खेती गर्न थालेको एक वर्ष भयो । अहिले मेवा बगैँचामा दैनिकी बिक्री गरेको छ ।'
करिब रु दुई लाख ५० हजार लागतमा १० कट्ठा जग्गामा ८०० मेवाका बिरुवाबाट खेती सुरु गरेको बताउँदै सहानीले अहिलेसम्म रु तीन लाखको मेवा बिक्री गरिसकेको जानकारी दिए । नारायणी नदीको नजिक मेवाखेती गरिरहेकाले बाढीले कुनै क्षति गरेन भने यस वर्ष रु सात लाखभन्दा बढीको मेवा बिक्री गर्ने लक्ष्य रहेको उनले बताए ।
उनका अनुसार परासी, मणिग्राम, भुमही र भैरहवाका व्यपारीले प्रतिकिलो रु ५० का दरले खेतबाटै खरिद गरेर लैजान्छन् । 'रेडलेडी ७८६ ताइवान जातको मेवा हो, यो जातको मेवा बलौटे ९दोरस० माटोमा फल्छ', सहानीले भने ।
जिल्लामा एक जनाले मात्र व्यावसायिक रूपमा मेवाखेती गरेका बर्दघाट सुस्ता पश्चिम नवलपरासी कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख शिवप्रसाद अर्यालले जानकारी दिए । मेवाखेतीसम्बन्धी अरु किसानलाई ज्ञान नभएको, सबै ठाउँमा दोरस माटो नभएकोलगायत कारणले अरु किसानले मेवाखेतीमा रुचि नदेखाएका उनको भनाइ छ । रासस

# वन्यजन्तु पर्यटन प्रवर्द्धन गर्न 'सफारी मार्ट'

**चितवन ।**
नेपाल पर्यटन बोर्डले पहिलो पटक चितवनको मेघौलीमा 'सफारी मार्ट'को औपचारिक सुरुआत गरेको छ । नेपाल पर्यटन बोर्ड, स्थानीय सरकार तथा पर्यटन व्यवसायीहरूको सहकार्यमा आयोजना गरिएको पहिलो 'वाइल्ड नेपाल सफारी मार्ट २०२६'को उद्घाटन गरिएको हो ।
उद्घाटन कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले यस कार्यक्रमलाई नेपालको वन्यजन्तु पर्यटनलाई विश्व मञ्चमा पुर्याउने महत्वपूर्ण अवसरका रूपमा व्याख्या गरे ।
उनले भने 'नेपाल केवल हिमालका लागि मात्र होइन, यसको समृद्ध जैविक विविधता, जीवित संस्कृति र विश्वस्तरीय वन्यजन्तु पर्यटनका लागि चिनिन्छ ।' उनले यस मार्टमा हुने छलफलहरूले लगानी, सहकार्य र नेपालको विशिष्ट वन्यजन्तु पर्यटन उत्पादन प्रवद्र्धनका नयाँ अवसरहरू खोल्ने बताए ।
कार्यक्रममा भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले चितवन र मेघौलीलाई विश्वस्तरीय वन्यजन्तु पर्यटन केन्द्रका रूपमा विकास गर्न तयार रहेको बताए । उनले स्थानीय सरकारको भूमिका दिगो पर्यटन पूर्वाधार र समुदाय सहभागितामा महत्वपूर्ण रहेको उल्लेख गरे ।
नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले यस कार्यक्रमलाई नेपालको पर्यटन यात्राको ऐतिहासिक कोसेढुङ्गाका रूपमा रहेको उल्लेख गर्दै यो विशिष्ट र जिम्मेवार पर्यटन अवधारणा भएको बताए ।

# कोरला नाकाः पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्नुपर्नेमा जोड

**मुस्ताङ ।**
मुस्ताङको उत्तरी कोरला नाका (नेपाल–चीन) मा आवश्यक भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन प्रभावकारी रूपमा गर्नुपर्ने जोड दिइएको छ । शुक्रवार यहाँ आयोजित नवौँ अन्तरपालिका जिल्लास्तरीय समन्वयात्मक बैठकमा यहाँका कोरला नाकालाई प्राथमिकतामा राखेर आवश्यक भौतिक संरचना निर्माण तथा आयात र निर्यातलाई सहज बनाउनेतर्फ जोड दिइएको हो ।
पाँच पालिकाले सरकारले कोरला नाकालाई व्यवस्थित गराउँदै आयत र निर्यात थप प्रभावकारी बनाउनुपर्ने माग गरेका हुन् । जिल्ला समन्वय समिति मुस्ताङको समन्वय तथा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आयोजनामा मनाङ९मुस्ताङ पदमार्ग थोरलाफेदीमा अन्तरपालिका समन्वय बैठक आयोजना गरिएको थियो ।
उक्त अन्तरपालिका बैठकले कोरला नाका पूर्णरूपमा सञ्चालन भइसकेको अवस्थामा नाका क्षेत्रमा आवश्यक भन्सार, सुक्खा बन्दरगाह, एकीकृत सुरक्षा पोस्टलगायत भौतिक संरचना निर्माण हुन नसकेकाले जिल्ला समन्वय समितिमार्फत सरकारको ध्यानाकर्षण गराउने निर्णय गरिएको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिनजिन नामगेल गुरुङले जानकारी दिए ।
समन्वयात्मक बेठकले कोरला नाका सञ्चालन भइरहेकाले आयात/निर्यातलाई थप व्यवस्थित र प्रभावकारी बनाउन पशु तथा कृषि क्वारेन्टाइन कार्यालय स्थापना गर्न र नाकामा आवश्यक जनशक्ति व्यवस्थापन गराउन सरकारसमक्ष माग गर्ने निर्णय भएको अध्यक्ष गुरुङले बताए । जिल्लामा रहेका समसामयिक समस्या, चुनौती र सामधानका विकल्प पहिचान गर्ने उद्देश्यले आयोजना भएको समन्वयात्मक बैठकमा मुस्ताङलाई अर्गानिक खेतीको जिल्ला घोषणा गर्न रासायनिक मलको आपूर्तिलाई निरुत्साहित गर्दै लैजाने निर्णय गरिएको अध्यक्ष गुरुङले उल्लेख गरे ।
यहाँको स्याउसहित अन्य स्थानीय (रैथाने) अन्नबालीमा अघोषित रूपमा रासायनिक मलको प्रयोग भइरहेकाले मुस्ताङको अर्गानिक पहिचानलाई प्रतिकूल असर पु¥याउने भन्दै अर्गानिक खेतीको जिल्ला घोषणा गरी सोहीअनुसार किसानलाई जानकारी उपलब्ध गराइने उनको भनाइ छ । रासायनिक मलको प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर पु¥याउने, माटोको उर्बराशक्तिमा ह्रास पु¥याउने र आम उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पु¥याउने भएकाले चालु आर्थिक वर्षको असारसम्ममा रासायनिक मल आयात गर्ने व्यापारी तथा प्रयोगकर्ता किसानलाई सोको प्रयोगमा निरुत्साहित गर्न विभिन्न सचेतामूलक कार्यक्रम सञ्चालन गरिने निर्णय भएको अध्यक्ष गुरुङले जानकारी दिए ।
उनका अनुसार मुस्ताङमा २०३२ सालमा नापी हुँदा थोरै क्षेत्रफल मात्र भएको, बसोबास रहेको क्षेत्र नापी हुन नसकेकाले यसको दीर्घकालीन समस्या समाधानका लागि विभागबाट नापी गोश्वारा खटाएर प्रविधिमैत्री नापीका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय भएको छ ।
घरपझोङ गाउँपालिकाले आयोजना गर्ने भनिएको जलवायु सम्मेलनलाई मुस्ताङका अन्य पालिकाले अपनत्व ग्रहण गर्दै सामूहिक एक्येबद्धता जनाउन सहलगानी गर्ने निर्णय गरिएको अध्यक्ष गुरुङले जानकारी दिए । उनका अनुसार जलवायु सङ्कटले समग्र मुस्ताङ जिल्लाको आर्थिक, सांस्कृतिक, भौतिक, जैविक विविधतालगायत क्षेत्रमा प्रतिकूल असर पु¥याएको उल्लेख गर्दै जलवायु सङ्कटसँग जुध्दै अघि बढ्ने गरी विश्व समुदायकको ध्यानाकर्षण गर्नुपर्ने आवश्यकता रहेको औँल्याइएको छ ।
जिल्ला समन्वय समिति मुस्ताङको समन्वयमा आयोजित बैठकमा यहाँका पाँचवटै पालिकाका अध्यक्षरउपाध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति थियो । जिल्लाका समस्या र चुनौतीको समाधानका लागि एउटै मञ्चमा उभिएर साझा अवधारणा तय गर्ने संस्कृतिको विकास गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । यसप्रकारको अन्तरपालिका समन्वयात्मक बैठकले असल अभ्यास र सुशासन प्रवद्र्धनमा योगदान पुऱ्याउने उनले विश्वास व्यक्त गरे । रासस

# इरान युद्धले विश्व अर्थतन्त्रमा दबाब

**न्युवर्क ।**
इरानसँग सम्बन्धित युद्धका कारण विश्व बजारमा तेल आपूर्ति गम्भीर रूपमा प्रभावित हुन थालेको छ, जसको प्रभाव अब दैनिक उपभोग्य वस्तुहरूमा पनि स्पष्ट रूपमा देखिन थालेको छ । मध्यपूर्व क्षेत्र विश्वको प्रमुख तेल आपूर्तिकर्ता भएकाले त्यहाँ उत्पन्न भएको तनाव र युद्धले कच्चा तेलको आपूर्ति घटाएको छ र मूल्यमा तीव्र वृद्धि भएको छ ।



तेल केवल इन्धनका रूपमा मात्र प्रयोग हुने होइन, यसबाट बन्ने पेट्रोलियमजन्य रसायनहरू हजारौं वस्तु उत्पादनका आधारभूत कच्चा पदार्थ हुन् । त्यसैले तेल महँगो हुँदा कपडा, खेलौना, जुत्ता, सौन्दर्य सामग्री, औषधि, प्लास्टिकका सामग्री, कम्प्युटर उपकरणदेखि लिएर बालबालिकाले प्रयोग गर्ने रंगीन सामग्रीसम्मको उत्पादन लागत बढ्ने गर्दछ ।
विशेषगरी पोलिस्टर र एक्रिलिकजस्ता कृत्रिम धागो तथा पदार्थहरू, जुन तेलबाटै तयार गरिन्छन्, तिनको मूल्य वृद्धि हुँदा उद्योगहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । केही उत्पादक कम्पनीहरूले युद्ध सुरु भएको छोटो समयमै कच्चा पदार्थको लागत १० देखि १५ प्रतिशतसम्म बढिसकेको बताएका छन्, जसले आगामी दिनमा वस्तुहरूको खुद्रा मूल्य पनि बढ्ने सङ्केत दिएको छ । यसका साथै पेट्रोल र डिजेलको मूल्य बढ्दा ढुवानी खर्च उच्च भएको छ, जसका कारण खाद्यान्न, लत्ताकपडा, फर्निचर लगायतका आवश्यक वस्तुहरू बजारमा झन् महँगा हुँदै गएका छन् ।
यात्रा क्षेत्रमा पनि यसको असर परेको छ । हवाई इन्धनको मूल्य वृद्धि भएपछि हवाई सेवा प्रदायकहरूले टिकट दर बढाएका छन्, जसले यात्रुहरूलाई अतिरिक्त आर्थिक भार परेको छ । तेलमा अत्यधिक निर्भर विश्व अर्थतन्त्रका लागि यस्तो युद्धले महँगी दर बढाउने, आपूर्ति श्रृंखला अवरुद्ध गर्ने र सर्वसाधारणको दैनिक जीवनयापन खर्च बढाउने खतरा सिर्जना गरेको छ । यही कारणले इरानसँग सम्बन्धित यो युद्ध केवल सीमित भौगोलिक क्षेत्रमा मात्र नभई विश्वव्यापी आर्थिक अवस्थालाई समेत प्रभावित पार्ने महत्वपूर्ण घटनाका रूपमा हेरिएको छ । रासस

# गाजा युद्ध पछि पहिलो पटक मतदान अभ्यास गर्दै प्यालेस्टिनीहरू

**रामल्लाह ।**
गाजा युद्ध पछि पहिलो पटक शनिबार वेस्ट बैङ्क र गाजाको मध्य क्षेत्रमा प्यालेस्टिनीहरूले स्थानिय चुनावमा मतदान गर्न लागेको जनाइएको छ ।
रामल्लाह स्थित केन्द्रीय निर्वाचन आयोगका अनुसार इजरायलको कब्जामा रहेको वेस्ट ब्याङ्कमा करिब १५ लाख र गाजाको देइर अल–बलाह क्षेत्रमा ७० हजार मतदाताहरु सुचिकृत भएका छन् ।
निर्वाचन आयोगका अनुसार मतदान केन्द्रहरू बिहान सात बजे खोलिएको थियो भने वेलुका सात वजे वन्द हुने छन् ।
गाजा पट्टीको लगभग आधा भाग नियन्त्रण गर्ने फताहको कट्टर प्रतिद्वन्द्वी हमाससँग सम्बद्ध व्यक्तीहरु मतदाता सुचिमा सूचीकृत नभएको जनाइएको छ ।
पछिल्लो समयमा प्यालेस्टिनी प्राधिकरणले भ्रष्टाचार, स्थिरता र घट्दो वैधता माथि व्यापक आलोचनाको सामना गरिरहेको छ ।



सन् २००६ देखि कुनै राष्ट्रपति तथा विधायकी चुनाव नभएको कारण, यस क्षेत्रमा नगरपालिका परिषद्हरू नै प्रशासन अन्तर्गतका काम गर्ने केही लोकतान्त्रिक संस्थाहरूका रुपमा रहेका छन् ।
संयुक्त राष्ट्रसङ्घका संयोजक रमिज अलक्बारोभले निर्वाचन आयोगले लोकतान्त्रिक प्रक्रिया आयोजना गरी मतदानको वातावरण वनाएकोमा आयोगको खुलेर प्रशंसा गरेका छन् ।
यस अघि विज्ञप्ति जारी गर्दै चुनावले प्यालेस्टिनीहरूलाई चुनौतीपूर्ण अवधिमा आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्ने अवसर दिएको अलक्बारोभले बताए ।
सन् २०२३ अक्टोबरमा युद्ध सुरु भए पछि गाजाको विभिन्न भागहरू ध्वस्त पार्नुका साथै ७२ हजार भन्दा बढी मानिसहरूको मृत्यु भएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।
सन् २००७ देखि हमासको नियन्त्रणमा रहेको गाजामा सन् २००६ को विधायी चुनाव पछि हाल पहिलो पटक मतदान भइरहेको छ भने यस अघि इस्लामवादी आन्दोलन विजयी भएको थियो ।
कायरोको अल–अजहर विश्वविद्यालयका राजनीतिक वैज्ञानिक जमाल अल–फादीलाई उद्दत गर्दै एएफपीलाई प्यालेस्टिनी प्राधिकरणले देइर अल–बलाहमा मात्र चुनाव गरिरहेको जनाएको छ । देइर अल–बलाहको जनसङ्ख्या विस्थापित नभएको कारण मत सर्वेक्षणका लागि यो क्षेत्र छानिएको फादीले बताएका छन् ।
निर्वाचन आयोगले नागरिक समाज सङ्गठनहरूबाट मतदान कर्मचारीहरू भर्ती गरी मतदान केन्द्रहरू सुरक्षित गर्न एक निजी सुरक्षा कम्पनी नियुक्त गरेको प्रवक्ता फरीद तामाल्लाहलाई उद्दत गर्दै एएफपीले जनाएको छ । रासस

## दशरथ रङ्गशालामा सुकुमवासीको ‘स्क्रिनिङ’:

# चार परिवारलाई कीर्तिपुर पठाइयो



**काठमाडौं ।**
थापाथलीस्थित बागमती नदी किनारमा बसोबास गर्दै आइरहेका सुकुमवासी र भूमिहीनको ‘स्क्रिनिङ’ जारी छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा काठमाडौं उपत्यका विकास प्राधिकरण र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट खटिएका टोलीले अहिले थापाथलीबाट ल्याइएका सुकुमवासी परिवारको लगत संकलन गरिरहेका छन् ।
अपराह्न १:३० बजेसम्म २३ परिवारको लगत संकलन भएको प्राधिकरणका प्रशासन प्रमुख कविता केसी बोगटीले जानकारी दिए । सरकारको दर्ता प्रक्रियामा आएकामध्ये चार परिवारलाई तत्कालै किर्तिपुरस्थित राधास्वामी सत्सङ्ग केन्द्रमा पठाइएको उनले बताए । ‘वास्तविक सुकुमवासीको परिवार सङ्ख्या, घरमूलीको नामलगायत विवरण सङ्कलन गरिरहेका छौँ । त्यसपछि तत्कालका लागि तोकिएको ‘सेल्टर’मा पठाउँछौँ’, केसीले भने, ‘सेल्टरमा उहाँहरूलाई खाने, बस्ने सम्पूर्ण व्यवस्था सरकारले गरेको छ ।’
अस्थायी बसोबासस्थलमा उनीहरूको व्यवस्थापन भएपछि दोस्रो चरणमा राज्यले जमिन प्रदान गर्ने कार्य थालनी गरिने उनले जानकारी दिए । थापाथलीमा अवैध रूपमा निर्माण गरिएका संरचना भत्काइएपछि ती परिवारलाई सरसामानसहित रङ्गशाला ल्याइएको हो । अहिले पनि सुकुमवासीहरू आफ्नो जाने थातथलो कहीँ नभएको भन्दै सरकारी सहयोगको खोजीमा रङ्गशाला आउने क्रम जारी छ ।
‘वास्तविक सुकुमवासीहरू यहाँ आउनुभएको छ, अन्य आफ्नो व्यवस्था गरी गइसक्नुभएको छ’, प्रमुख केसीले भने, ‘केही परिवार यहाँ आएर पनि सरकारले तोकेको ठाउँमा नबस्ने भनी निस्कनुभएको छ ।’ उनका अनुसार रङ्शालाभित्रै सुकुमवासीलाई स्वास्थ्य सुविधा उपलब्ध गराउन काठमाडौँ महानगरपालिकाको स्वास्थ्य महाशाखाको टोली खटिएको छ ।
सुकुमवासी परिवारलाई सुरक्षित बसोबासस्थलसम्म लैजाने क्रममा आइपर्ने स्वास्थ्य जटिलता न्यूनीकरण गर्न चिकित्सक, नर्स र प्यारामेडिक्ससहितको टोली खटिएको कामपाको महामारी रोग रोकथाम तथा नियन्त्रण फोकल पर्सन ऋषि भुसालले जानकारी दिए । यसैबीच, थापाथलीस्थित सुकुमवासी बस्ती हटाउने काम सम्पन्न भएको छ । त्यहाँ अवैध रूपमा निर्माण गरिएको संरचना डोजर लगाएर हटाइएको छ । केही सुकुमवासी परिवार आफ्नो सरसामानलाई सुरक्षित रूपमा अन्यत्र लैजान खटिइरहेका छन् । सुरक्षाकर्मीलगायतको टोलीले अहिले सिनामङ्गल–गैरीगाउँ क्षेत्रमा रहेका अवैध रूपमा निर्माण गरिएका संरचना हटाउन थालेको छ । सो क्षेत्रमा रहेका सुकुमवासी÷भूमिहीन परिवारले पनि सरकारको निर्देशन पालना गर्दै आफ्ना घरटहरा भत्काएर सरसामन सुरक्षित स्थानमा लगिरहेका छन् । रासस

## महिला पत्रकारका लागि

# ‘खोजमूलक पत्रकारिता तथा एआई’ सम्बन्धी अभिमुखीकरण

**धुलिखेल ।**
काभ्रेपलाञ्चोकको धुलिखेलमा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको आयोजना तथा नेपाल पत्रकार महासङ्घ बागमती प्रदेशको समन्वयमा भएको दुईदिने ‘खोजमूलक पत्रकारिता तथा एआई’सम्बन्धी अभिमुखीकरण कार्यक्रम शनिबार सम्पन्न भएको छ ।
बागमती प्रदेशका १३ जिल्लामा क्रियाशील पत्रकार महिलाका लागि प्रदेशभित्रका महिला पत्रकारको खोजमूलक समाचार लेख्ने क्षमता विकास गर्नुका साथै डिजिटल युगको नयाँ चुनौती र अवसरसँग परिचित गराउने उद्देश्यले कार्यक्रम आयोजना गरेको हो ।
समापन कार्यक्रममा नेपाल पत्रकार महासङ्घ बागमती प्रदेशका अध्यक्ष कृष्णसारू मगरले अब पत्रकारिता क्षेत्र परम्परागत शैलीबाट मात्र चल्न सम्भव नहुने बताए । ‘खोजमूलक पत्रकारितामार्फत डिजिटल युगमा एआईजस्ता आधुनिक प्रविधिलाई आत्मसात् गर्दै आफ्ना पत्रकारितालाई केन्द्रित गर्नु आजको आवश्यकता हो’, उनले भने, ‘अझ त्यसमा पत्रकार महिलालाई प्रविधिमैत्री बन्न र सामाजिक विकासका मुद्दालाई गहिराइबाट उठाउन अभिमुखीकरण कार्यक्रमले मद्दत पुग्नेछ ।’
कार्यक्रममा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव खुविराम अधिकारीले अहिले आयोजना गरेको कार्यक्रमलाई आगामी दिनमा पत्रकार महासङ्घ र सञ्चार क्षेत्रसँग समन्वय गरेर अझ परिस्कृत गर्दै लैजाने बताए ।
सामाजिक विकासका विभिन्न पक्षलाई नागरिकसम्म पु¥याउने कार्यमा पत्रकारको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै उनले तालिममा सिकेका सीपलाई व्यवहारमा उतार्दै अगाडि बढ्नका लागि सहभागीलाई आग्रह गरे ।न
नेपाल पत्रकार महासङ्घ काभ्रेपलाञ्चोकका अध्यक्ष विनोद न्यौपानेले सिकेको कुरालाई व्यवहारमुखी बनाउन पत्रकारहरू लाग्नुपर्नेमा जोड दिए । पछिल्लो समयमा सामाजिक सञ्जालले पत्रकारिता क्षेत्रलाई प्रभाव पारिरहेको अवस्थामा अझ पत्रकार महिला पलायन हुने अवस्था रहेकाबेला अभिमुखीकरण कार्यक्रमले सशक्तीकरणमा बल पुग्ने विश्वास व्यक्त गरे ।
कार्यक्रममा सहभागी पत्रकार अञ्जली तामाङले अभिमुखीकरण कार्यक्रम निकै प्रभावकारी भएको र आगामी दिनमा हुने तालिम कार्यक्रमको अवधिलाई अझ बढाएर विषयवस्तुमा केन्द्रित तालिमको आयोजना गर्न आग्रह गरिन् ।
कार्यक्रममा सहभागी अर्को पत्रकार सरिता दाहालले महिला पत्रकारको सुरक्षा, चुनौती र सञ्चारमाध्यममा लैङ्गिक समानता तथा समावेशीकरणका विषयमा जानकारी गराइन् । त्यसैगरी पत्रकार महासङ्घका उपाध्यक्ष नितु पण्डितले पत्रकार आचारसंहिता, ‘फेक न्यूज’ र जिम्मेवार पत्रकारिताका विषयमा तथा अजय शर्माले पत्रकारितामा ‘आर्टिफिसियल इन्टेलिजेन्स’(एआई) को सहयोगमा सामग्री निर्माण र ‘भिजुअल’ सम्बन्धी विषयमा सहजीकरण गरेका थिए । कार्यक्रममा बागमती प्रदेशका २१ पत्रकार महिलाको सहभागिता थियो । रासस

# राष्ट्रसेवक कर्मचारी समाजको साधारणसभा

# ‘माटोको माया’ लोकार्पित



**नुवाकोट ।**
राष्ट्रसेवक कर्मचारी समाज, नुवाकोटले आठौँ साधारणसभाका अवसरमा समाजद्वारा प्रकाशित मुखपत्र ‘माटोको माया’ को दोस्रो संस्करणको आज लोकार्पण गरिएको छ । नुवाकोटको ककनी गाउँपालिकास्थित पर्यटकीयस्थल ककनी डाँडोमा शनिबार आयोजित कार्यक्रममा गाउँपालिकाका अध्यक्ष सुमन तामाङ, नेपाल सरकारका पूर्वसचिव रामप्रसाद थपलिया, सशस्त्र प्रहरी बलका पूर्वमहानिरीक्षक पुष्पराम केसी, समाजका संस्थापक अध्यक्ष डा केदारनरसिंह केसी, समाजका अध्यक्ष उदयबहादुर रानामनरगलगायतले पुस्तकको लोकार्पण गरेका थिए ।
सोही कार्यक्रममा समाजले प्रकाशन गरेको वर्ष २०८३ को भित्तेपात्रो पनि विमोचन गरियो । नुवाकोटमा जन्म तथा बासिन्दा भई निजामतीलगायत राष्ट्रसेवाका विभिन्न निकायमा कार्यरत कर्मचारीको सो संस्थाले राष्ट्रसेवामार्फत सामाजिक कार्यमा योगदान दिन २०७१ सालमा सो समाजको स्थापना भएको हो । ककनी गाउँपालिकाका अध्यक्ष तामाङले जिल्लालाई सबै हिसाबले समृद्धिका लागि भूमिका निर्वाह गर्न राष्ट्रसेकहरूको महत्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षा व्यक्त गरे । उनले गुर्जे भञ्ज्याङदेखि चिम्टेश्वरसम्मको हाइकिङ, फुङफुङ झरना, वनभोजस्थल र स्ट्रबेरी उत्पादनलगायत कारण ककनी स्थापित भएकाले पर्यटन प्रवद्र्धनका राष्ट्रसेवक कर्मचारी समाज, नुकाकोटले योगदान दिने विश्वास व्यक्त गरे ।
समाजका संस्थापक अध्यक्ष डा केसीले सानो समूहबाट सुरु गरिएको समाज विस्तारित भएकामा खुसी व्यक्त गर्दै विचार र सिद्धान्तभन्दा माथि गएर सामाजिक कार्यमा समर्पित हुन आग्रह गरे । समाजका अध्यक्ष रानामगरले जिल्लामा जन्म तथा निवास भएका राष्ट्रसेवकबीच सञ्जालीकरण, अतिरिक्त क्रियाकलाप, क्षमता विकास, आरोग्य जीवन, खेल र मनोरञ्जनात्मक कार्यक्रमलाई निरन्तरता दिइने बताए ।
विमोचित ‘माटोको माया’ बारे समीक्षा गर्दै आश्विनीकुमार पुडासैनीले राष्ट्रसेवाका लागि प्रतिस्पर्धात्मक परीक्षा सामग्री विशेष अङ्कका रूपमा सो सामग्री प्रकाशन गरिएको बताए । स्मारिकको प्रधानसम्पादकमा वासुदेव गुरागाईं रहेका छन् ।
साधारणसभामा अध्यक्ष रानामगरद्वारा प्रस्तुत साङ्गठनिक प्रतिवेदन, कोषाध्यक्ष कृष्णराज खतिवडाद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन छलफलसहित पारित भएको छ । साथै सभामा समाजको विधान संशोधन प्रस्ताव पनि छलफलसहित पारित भएको छ । रासस

# कुहुँमा लक्ष्यअघिनै सडक स्तरोन्नति

**म्याग्दी ।**
म्याग्दीको मंगला गाउँपालिका–२ कुहुँमा सञ्चालित चन्निका घुम्तीदेखि उपल्लो तुसारेपानी–कुहुँ सडक स्तरोन्नति योजना लक्ष्य अघिनै सम्पन्न भएको छ । आगामी जेठ १५ गतेसम्मको ठेक्काको म्याद रहेको योजनाको निर्माण कम्पनी मंगला कन्ट्रक्सनले इन्धन र निर्माणजन्य सामग्रीको मूल्य वृद्धिको बावजुद पनि लक्ष्यभन्दा डेढ महिनाअघि नै काम सम्पन्न गरेको हो ।
गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२÷०८३ मा रु ५० लाख बजेट विनियोजन गरेको उक्त योजना निर्माणका लागि पूर्वाधार विकास कार्यालय, म्याग्दी र कम्पनीबीच २०८२ माघ ६ गते रु ४६ लाख २९ हजार १२४ मा ठेक्का सम्झौता गरेको थियो ।
ठेक्का सम्झौता लगत्तै मजदुर, उपकरण परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेर गत चैत महिनामै निर्माण सम्पन्न गरेको निर्माण कम्पनीका सञ्चालक चक्रलाल पाण्डे(राजु)ले बताए । कार्यालयका अनुसार उक्त योजनाको ९६ दशमलव २२ प्रतिशत भौतिक प्रगति भएको छ ।
कार्यालयका अनुसार उक्त योजनामार्फत कुहुँ गाउँभित्र ५१ मिटर दुरीमा सडक फराकिलो पारेर मेसिनरी पर्खाल र नाली निर्माण भएको छ । उपल्लो तुसारेपानीदेखि कुहुँतर्फ जाने सडकको २५० मिटर दुरीमा फराकिलो पार्ने, ग्रेड तथा घुम्ती सुधार भएको छ ।
उपल्लो तुसारेपानी र कुहुँकोबीचमा रहेको डाडाँको घुम्तीमा १२८ घनमिटर ग्याबियन पर्खाल लगाएर सडक फराकिलो पारिएको पूर्वाधार विकास कार्यालयका सबइञ्जिनियर रविन चोखालले बताए ।
कुहुँका बासिन्दा रविन पुनले सडक सुधार भएपछि सवारी साधन आवत जावत सहज र सुरक्षित भएको बताए । मार्ग खुलेपछि सामान्य मर्मतको भरमा जिप, मोटरसाइकल र ट्याक्टर सञ्चालन हुँदै आएको साँघुरो सडकमा गाडी फर्काउने ठाउँ नभएर ३०० मिटर टाढा लैजानुपर्ने समस्याको अन्त्य भएको पुनले बताए ।
सडकको शुक्रबार अनुगमन गर्न भएका म्याग्दी १(ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुम्जाली र पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख सिनयर डिभिजनल ईञ्जिनियर डा.महेन्द्र बानियाले मूल्यवृद्धिको असहज अवस्थामा पनि लक्ष्य अघिनै योजना निर्माण सम्पन्न गरेर व्यवसायीले सकारात्मक सन्देश दिएको प्रतिक्रिया दिए । कार्यालय प्रमुख बानियाँका अनुसार यस वर्ष सञ्चालन भएका अन्य दुई वटा योजना पनि लक्ष्य अघिनै सम्पन्न भएका छन् ।
निर्माण कम्पनीले रु ४६ लाख ७९ हजार ९८१ मा ठेक्का सम्झौता गरेको घारखोला–नेपाने सडक र रुप्से बिल्डर्सले रु ३५ लाख १७ हजार ३३७ मा ठेक्का लिएको ज्ञानप्रकाश माविदेखि कोट–खलंगा हुँदै ठारा जाने सडक पनि निर्माण सम्पन्न भएको कार्यालय प्रमुख बानियाँले बताए । रासस

# बस्ती छाड्दै मनोहराका सुकुमवासी

**भक्तपुर ।**
भक्तपुरको मनोहरास्थित सुकुमवासी बस्तीका बासिन्दा बस्ती खाली गर्न थालेका छन् । सार्वजनिक र व्यक्तिको जग्गा अतिक्रमण गरेर बनाइएका संरचना खाली गराउन थालेपछि मध्यपुरथिमि नगरपालिका–१ लोकन्थलीस्थित मनोहरा खोला किनाराका सुकुमवासीले बस्ती छाडेका हुन् ।
सरकारको सुकुमवासी बस्ती खाली गराउने अभियानप्रति पूर्ण समर्थन गर्दै यहाँका ७७७ परिवारले बस्ती छाड्न थालेका हुन् । जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले मनोहरा सुकुमवासी बस्तीका ८० प्रतिशतले शनिबार दिउँसो २ः०० बजेसम्म सामान लिएर बस्ती छाडेका जानकारी दिए ।
बाँकी रहेकाहरूले आफ्ना सामान सारिरहेका बताउँदै उनले शुक्रबार बस्तीमा प्रहरीले माइकिङ गरी बस्ती छाड्न र वास्तविक सुकुमवासी सरकारको सम्पर्कमा आउन आग्रह गरेको जानकारी दिए । सरकारले थापाथलीको बस्ती हटाइसकेको जनाउँदै उनले तीनकुने गैह्रीगाउँस्थित सुकुमवासी बस्ती हटाइरहेको उल्लेख गरे ।
उनका अनुसार त्यहाँको बस्ती हटाइसकेपछि सोही टोली आएर मनोहरा किनाराको दायाँबायाँ रहेका बस्ती हटाउने छन् । भ्याएसम्म शनिबार नभ्याए आईतबार बिहानदेखि बस्ती हटाउने बताउँदै प्रहरी उपरीक्षक खड्काले सुकुमवासीले सरकारको अभियानलाई सहयोग गर्दै बस्ती छाड्नु सकारात्मक पक्ष भएको धारणा राखे । मनोहरा सुकुमवासी बस्तीमा ७७७ घरटहरामा करिब एक हजार ६०० भन्दा बढी मानिस बसिरहेका उनले जानकारी दिए ।



प्रहरी उपरीक्षक खड्काका अनुसार बस्तीमा ५० भन्दा बढी दुईतले पक्की घर रहेका छन् भने धेरै जस्ताका टहरा र ब्लकका घरहरू छन् । बस्तीमा आजै साँझसम्म भत्काउन तयारीका साथ भक्तपुरबाट करिब १०० भन्दा बढी नेपाल प्रहरी र सशस्त्र प्रहरी खटिएका उनले जानकारी दिए ।
यहाँका सुनिल लामाले बस्ती छाड्दै गर्दा भनिन् ‘यहाँ अधिकांश घरहरू भाडामा लगाएका छन् । पक्की घर पनि भाडामा बसिरहेका हुन्, यहाँ सुरुमा टहरा बनाएर एक समूहले रु तीन लाखदेखि रुसात लाखसम्म र पक्की घर रु १८ लाखसम्ममा बिक्री गरेका छन् । हामी टहरा किनेर बसेको १५ वर्ष भयो । सरकारले हामी जस्ता सुकुमवासीलाई उचित व्यवस्थापन गरोस्, त्यति भए पुग्छ ।’
सुकुमवासी बस्तीका बासिन्दासँग भाडा उठाउन कोही व्यक्ति आउने गरेको बताउँदै बस्तीका बासिन्दामध्ये धेरैले भाडा तिर्ने गरेको बताउँछन् । सरकारले उचित क्षतिपूर्ति दिने वा बासको उचित व्यवस्थापन गरिदिए, यो गन्हाउने खोलाको किनारामा बस्न रहर नभएको सुकुमवासी बताउँछन् । रासस

# घरदैलोमै सामाजिक सुरक्षा भत्ता:

# बैंक धाउनुपर्ने बाध्यता हट्यो

**ललितपुर ।**
दक्षिण ललितपुरको महाङ्काल गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणलाई थप सहज, सरल र नागरिकमैत्री बनाउने उद्देश्यले लाभग्राहीको घरदैलोमै पुगेर भत्ता वितरण सुरु गरेको छ । गाउँपालिकाकी उपाध्यक्ष डोल्मा माया गोलेका अनुसार ज्येष्ठ नागरिक, एकल महिला तथा शारीरिक रूपमा अशक्तता भएका नागरिकको सहजताका लागि घरदैलोमै पुगेर भत्ता वितरण गर्ने व्यवस्था लागू गरिएको हो ।
उपाध्यक्ष गोलेले भनिन्, ‘हाम्रो पालिकाका धेरै वडाहरू टाढा र दुर्गम क्षेत्रमा छन् । ज्येष्ठ नागरिक, एकल महिला तथा अशक्तता भएका नागरिकले पालिका केन्द्र गोटीखेलस्थित बैंकसम्म पुगेर भत्ता लिनुपर्ने बाध्यता अब अन्त्य भएको छ । त्यसैले घरदैलोमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य अघि बढाएका छौँ ।’
उनका अनुसार महाङ्काल गाउँपालिका–६ ठूलादुर्लाङबाट औपचारिक रूपमा सेवा सुरु गरिएको हो । घरदैलोमै भत्ता पाउँदा ज्येष्ठ नागरिक, अशक्तता भएका व्यक्ति तथा एकल महिलाले खुसी व्यक्त गरेका छन् । पालिकाले आगामी दिनमा यो सेवा सबै वडामा विस्तार गर्ने तयारी गरेको जनाएको छ ।
त्यसैगरी, उपाध्यक्ष गोलेले घुम्ती शिविरमार्फत नागरिकता सिफारिस, सामाजिक सुरक्षा सेवा तथा व्यक्तिगत घटना दर्तालगायत सेवा वडास्तरमै उपलब्ध गराइने जानकारी दिइन् । ‘अब पालिकामा होइन, सेवा तपाईंको घरमै’ भन्ने नारासहित सेवा प्रवाहलाई थप प्रभावकारी र नागरिक केन्द्रित बनाउने अभियानलाई निरन्तरता दिने गाउँपालिकाले जनाएको छ । रासस


# नम्बर प्लेटबिहीन ईभी स्कुटरमाथि पर्सा प्रहरीको कडा कारबाही



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतबाट खरिद गरी नम्बर प्लेटबिना सञ्चालनमा ल्याइएका ईभी (इलेक्ट्रिक) स्कुटरमाथि पर्सा प्रहरीले कडाइ सुरु गरेको छ । नेपालभन्दा भारतमा सस्तो पर्ने भएपछि सर्वसाधारणले यस्ता स्कुटरहरू प्रयोग गर्न थालेसँगै प्रहरीले निगरानी बढाएर कारबाहीलाई तीव्र बनाएको हो ।
पछिल्ला दुई दिनमै पर्सा प्रहरीले विल र नम्बर प्लेट नभएका ३५ वटा ईभी स्कुटर नियन्त्रणमा लिएको जनाएको छ । यसै क्रममा शुक्रबार ट्राफिक प्रहरी कार्यालय वीरगंजले विशेष चेकिङ अभियान सञ्चालन गर्दै थप १३ वटा नम्बर प्लेटबिहीन स्कुटर नियन्त्रणमा लिएको छ ।
ट्राफिक प्रहरीका वरिष्ठ सई अर्जुन सोडारीका अनुसार चेकजाँचका क्रममा कागजातविहीन र नम्बर प्लेट नराखी सञ्चालन गरिएका स्कुटरहरू फेला परेपछि नियन्त्रणमा लिइएको हो । प्रहरी निरीक्षक युवराज कटवालको नेतृत्वमा खटिएको टोलीले ती सवारी साधन नियन्त्रणमा लिएको थियो ।
नियन्त्रणमा परेका सबै स्कुटर आवश्यक प्रक्रिया पूरा गर्न वीरगंज भन्सार कार्यालयमा बुझाइएको प्रहरी निरीक्षक कटवालले जानकारी दिए ।
प्रहरीका अनुसार नम्बर प्लेटबिना सञ्चालनमा रहेका सवारी साधन दुर्घटना गराएर भाग्ने जोखिम बढी हुने भएकाले यस्ता सवारीमाथि विशेष निगरानी आवश्यक रहेको छ । साथै, भन्सार प्रक्रिया पूरा नगरी भारतबाट अवैध रूपमा भित्रिएका सवारी साधन खुल्ला रूपमा सडकमा गुडिरहेका कारण निगरानी थप कडा पारिएको हो ।
यसअघि सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हेडक्वार्टर पर्साको टोलीले बिहीबार विभिन्न नाकाबाट २२ वटा ईभी स्कुटर बरामद गरेको थियो । ती स्कुटरहरू वीरगंज महानगरपालिका–१६ स्थित मुख्य भन्सार नाका, वडा नं. २५ को सिर्सिया नाका तथा बिन्दवासिनी गाउँपालिका–५ को प्रसौनीभाठा नाकाबाट फेला पारिएको जनाइएको छ ।
प्रहरीले आगामी दिनहरूमा पनि यस्ता अवैध सवारी साधनविरुद्ध नियमित रूपमा चेकिङ अभियानलाई अझ कडा बनाउँदै लैजाने स्पष्ट पारेको छ ।

## ‘माननीय’ शैली विवादित:

# पोखरेलको व्यवहारप्रति चौतर्फी आलोचना अन्ततः क्षमायाचना




**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद विश्वराज पोखरेल आफ्नै अभिव्यक्तिका कारण विवादमा परेका छन् । ओखलढुंगाबाट निर्वाचित पूर्व एआईजी समेत रहेका पोखरेलले गृहजिल्लाको एक विद्यालयका प्रधानाध्यापकलाई स्वागत गर्न नआएको भन्दै दिएको अभिव्यक्ति सार्वजनिक भएपछि उनीमाथि चौतर्फी आलोचना भएको हो ।
खिजीदेम्बा गाउँपालिका–२ रगनीस्थित चण्डेश्वरी माध्यमिक विद्यालयमा पुगेका पोखरेलले आफू आउँदा स्वागत गर्न ननिस्किएको भन्दै प्रधानाध्यापकलाई ‘तपाईं कर्मचारी हो, म विशिष्ट श्रेणीको माननीय हुँ’ भन्दै थर्काएको भिडियो सामाजिक सञ्जालमा भाइरल बनेको थियो । उनले ‘जिल्लाको माननीय आउँदा हेडमास्टर भित्र बस्ने?’ भन्दै सार्वजनिक रूपमा असन्तुष्टि व्यक्त गरेका थिए ।
उक्त अभिव्यक्तिपछि पार्टीभित्र र बाहिरबाट तीव्र विरोध सुरु भएको छ । पूर्व शिक्षामन्त्री महावीर पुनले सांसद जनताको सेवक भएको स्मरण गराउँदै यस्तो व्यवहार अस्वीकार्य भएको बताएका छन् । उनले यस्तो अभिव्यक्ति दिने सांसदलाई कारबाही गर्नुपर्ने धारणा राख्दै, ‘कि तुरुन्त माफी माग्नुपर्छ, होइन भने जनताले नै फिर्ता बोलाउनुपर्छ’ भनेका छन् । रास्वपाकै केन्द्रीय सदस्य गणेश कार्कीले पनि सामाजिक सञ्जालमार्फत पोखरेललाई संयमित हुन सुझाव दिएका छन् । उनले सांसद पद अस्थायी भएको स्मरण गराउँदै ‘भुईं नछोड्न’ आग्रह गरेका छन् । त्यस्तै, शिक्षक मासिकका सम्पादक राजेन्द्र दाहालले प्रधानाध्यापकको सार्वजनिक अपमान गर्ने व्यक्तिलाई ‘माननीय’ भन्न मिल्ने कि नमिल्ने भन्ने प्रश्न उठाएका छन् । पार्टीका कार्यकर्तामाझ पनि असन्तुष्टि देखिएको छ । नेतृ स्वस्तिका लामिछानेले मतदातासँग व्यवहार गर्ने तरिका सिक्नुपर्ने टिप्पणी गर्दै जनताको मतले निर्वाचित भएको व्यक्ति जनताप्रति उत्तरदायी हुनुपर्ने बताएकी छन् ।
विवाद चर्किएपछि सांसद पोखरेलले प्रेस विज्ञप्ति जारी गर्दै माफी मागेका छन् । उनले सामाजिक सञ्जालमा आएको भिडियो सन्दर्भविहीन रूपमा काटछाँट गरेर सार्वजनिक गरिएको दाबी गरे पनि आफ्नो व्यवहार अपेक्षाअनुसार संयमित नभएको स्वीकार गरेका छन् । सार्वजनिक जीवनमा अझ मर्यादित र धैर्यशील हुनुपर्ने कुरा आफूले महसुस गरेको उनले बताएका छन् ।
यसैबीच, नेपाल शिक्षक महासंघले पनि उक्त घटनाप्रति आपत्ति जनाउँदै कडा शब्दमा निन्दा गरेको छ । महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी र महासचिव तुलाबहादुर थापाद्वारा जारी विज्ञप्तिमा विद्यालय परिसरभित्र प्रधानाध्यापकमाथि गरिएको व्यवहारलाई अशोभनीय र अपमानजनक भन्दै शिक्षा क्षेत्रको गरिमामाथि प्रहार भएको उल्लेख गरिएको छ ।
महासंघले जननिर्वाचित प्रतिनिधिहरूले आफ्नो पदीय मर्यादा र जिम्मेवारीको ख्याल गर्नुपर्नेमा जोड दिँदै भविष्यमा यस्ता घटनाहरू नदोहोर्याउन आग्रह गरेको छ ।

# पर्सामा नेपाली काँग्रेसको ‘जरा अभियान’ सुरु




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा नेपाली कांग्रेसको ‘जरा अभियान’ सुरु भएको छ । पार्टी संगठनलाई सुदृढ र प्रभावकारी बनाउने उद्देश्यले केन्द्रीय कार्यसमितिले वैशाख १ गतेदेखि देशभर अभियान सञ्चालन गर्ने निर्देशन दिएको भएपनि पर्सामा भने शनिबारदेखि औपचारिक रूपमा अभियान थालिएको हो ।
वीरगंज महानगरपालिका–२४ रामगढवास्थित पार्टी कार्यालयमा आयोजित कार्यक्रममा नेपाली कांग्रेस पर्साले अभियानको सुरुवात गरेको हो । कार्यक्रम कांग्रेस पर्साका सभापति तथा मधेश प्रदेशका पूर्वमन्त्री जनार्दन सिंह क्षेत्रीको अध्यक्षतामा तथा पूर्वमन्त्री रमेश रिजालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।
सो अवसरमा पूर्वमन्त्रीहरू सुरेन्द्र चौधरी र अजय चौरसिया, मधेश प्रदेश सरकारका कृषिमन्त्री श्याम पटेल, पार्टीका जिल्ला सचिव एवं वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलम, सहसचिव नवीन सिंहलगायत नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।
नेपाली कांग्रेसले पार्टी संगठनलाई आधार तहसम्म सुदृढ बनाउन एक महिने ‘जरा अभियान’ सञ्चालन गरेको जनाएको छ । अभियान अन्तर्गत क्रियाशील सदस्यता अद्यावधिक, नयाँ सदस्यता वितरण तथा नागरिकसँग प्रत्यक्ष संवादजस्ता कार्यक्रम सञ्चालन गरिनेछन् ।
डिजिटल प्रणालीमार्फत सदस्यता अद्यावधिक गरी पार्टीलाई टोल तथा गाउँस्तरसम्म पुनः सक्रिय बनाउने लक्ष्यका साथ अभियान सञ्चालन गरिएको जनाइएको छ ।
कांग्रेस महामन्त्री प्रदीप पौडेलका अनुसार वैशाख १ गतेदेखि महिनाभर सदस्यता अभियान सञ्चालन हुने छ ।

# फास्ट ट्र्याक समयमै बन्न नसकेपछि वैकल्पिक उपाय ल्याइने

**मधेशदृष्टि**
**निजगढ ।**
काठमाण्डु–निजगढ फास्ट ट्र्याक समयमै बन्न नसकेपछि सरकारले वैकल्पिक उपायबाट छिटो सञ्चालनमा ल्याउने भएको छ ।
पछिल्लो पटक थप गरिएको म्यादमा पनि फास्ट ट्र्याक सम्पन्न नहुने निष्कर्षसहित सरकारले एकै पटक चार लेन बनाउनु भन्दा पहिलो चरणमा दुई लेनको सडक बनाएर यातायात सञ्चालन गर्ने योजना अघि सारेको छ ।
सो योजनामा अहिले राष्ट्रिय योजना आयोगले कामलाई तीव्रता दिएको छ । द्रुतमार्गको निर्माणमा भइरहेको ढिलाइका कारण आम नागरिकले पाउनुपर्ने सेवा नभएको भन्दै यस्तो प्रस्ताव भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत नेपाली सेनालाई पठाउन लागिएको आयोगले जनाएको छ ।



तत्काल दुई लेन सडक निर्माण गरेर सञ्चालन गर्दा सेनाले ढिलाइको अपजस लिनु नपर्ने र नागरिकले पनि छोटो बाटोबाट यात्रा गर्न पाउने उनले बताए । जतिसक्दो चाँडो काम थाल्दा पनि दुई लेनको सडक २०८४ सम्म तयार गर्न सकिने आयोगले जनाएको छ । फास्ट ट्र्याकको म्याद २०८३ चैत मसान्तसम्म रहेको छ । तर यस अवधिमा पनि काम सम्पन्न हुने निश्चित छैन । २०८२ माघ मसान्तसम्म फास्ट ट्र्याकको भौतिक प्रगति ४५.८६ प्रतिशत मात्र हासिल भएको सेनाले जनाएको छ ।

# नारायणी अस्पतालको मेसुमा डा. उपाध्याय आउँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी अस्पताल वीरगंजको मेडिकल सुपरिटेन्डेन्टमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले डा. मदन उपाध्यायलाई पठाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहताले ११ औं तहका उच्च अधिकारीहरुको जिम्मेवारी हेरफेर गर्ने क्रममा हाल मन्त्रालयको परिवार कल्याण महाशाखाका प्रमुख रहेका डा. उपाध्यायलाई नारायणी अस्पतालको मेसुको जिम्मेवारी दिएर पठाउने निर्णय गरेकी हुन् ।
यसअघि वैशाख ३ गते भने मन्त्रालयले मन्त्रालयको नीति योजना महाशाखामा कार्यरत डा.चुमनलाल दासको काज फिर्ता गरेर नारायणी अस्पतालको मेसुको जिम्मेवारी दिएर पठाउने निर्णय गरेको थियो । तर, उनलाई मन्त्रीस्तरीय निर्णय अनुसार सार्क क्षयरोग केन्द्रमा पठाइएको छ ।
मन्त्रालयले डा. दासलाई यसअघि २०८१ असोज पहिलो साता पनि नारायणी अस्पतालको मेसुको जिम्मेवारी दिएर पठाएको थियो । झण्डै एक वर्ष मेसुको जिम्मेवारी सम्हालेका डा. दासलाई मन्त्रालयले काजमा सरुवा गरेर मन्त्रालयको नीति योजना महाशाखामा मन्त्रालयले पठाएको थियो ।

## आईसीसी विश्वकप क्रिकेट:

# यूएईलाई हराउँदै नेपाल ३७ रनले विजयी

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आईसीसी विश्वकप क्रिकेट लिग–टू अन्तर्गत त्रिदेशीय श्रृङ्खलामा नेपालले यूएईलाई हराएको छ । शनिबार भएको खेलमा नेपालले यूएईलाई ३७ रनले हराएको हो । नेपालले दिएको २ सय १ रनको लक्ष्य पछ्याएको यूएई ४८ ओभर २ बलमा १ सय ६३ रन बनाएर अलआउट भयो ।
यूएईका हर्प्रित सिंहले ३९ र मोहम्मद वसिमले ३४ रन बनाए । नेपालका करण केसीले ४ विकेट लिए । यो जीतसँगै नेपालले २ अङ्क थप गरेर २१ खेलमा १४ अङ्क बनाएको छ । नेपालभन्दा अङ्क



तालिकामा पछि रहेको टोली युएई २१ खेलमा १० अङ्कका साथ पुछारमा छ ।
यस्तै नेपालले खेल्ने अर्को टोली ओमान २४ खेलबाट २९ अङ्कसहित तेस्रो स्थानमा छ । अहिलेसम्म २४ खेल खेलेको अमेरिका ३६ अङ्क जोडेर शीर्षस्थानमा छ । अब नेपालले बुधवार ओमानसँग खेल्नेछ । अङ्क तालिकाको अन्तिम दुईमा रहेका नेपाल र यूएई दुवै टोलीलाई शीर्ष–६ मा रहेर एकदिवसीय मान्यता जोगाउने मुख्य चुनौती छ ।
घरेलु मैदानमा चलिरहेको यो श्रृङ्खलामा नेपालसहित युएई र ओमान रहेका छन् । यी टोलीले एक आपसमा दुई–दुई खेल खेल्नेछन् । त्यसपछि नेपालले स्कटल्यान्ड र अमेरिका सम्मिलित श्रृंखला खेल्नेछ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन